news 24 दैनिक

वर्ष १३ अंक १९ राष्ट्रिय दैनिक | ८ भदौ २०८२, आइतबार भदौ शुक्ल प्रतिपदा | नेपाल संवत् ११४५ | Sunday 24 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# भियतनामसँगको व्यापारमा नेपाललाई घाटा उच्च

news 24

**काठमाडौं, भदौ ७**

औपचारिक भ्रमणमा आइपुगेकी समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थि आन सुआन यतिबेला काठमाडौंमा कूटनीतिक भेटघाटमा छिन्। दौत्य सम्बन्ध स्थापनाको पाँच दशकमा पहिलो पटक भियतनामका तर्फबाट उच्चस्तरीय भ्रमण भएको हो। एसियामा उदाउदो आर्थिक शक्ति बनेको भियतनामबाट नेपालले सिक्नुपर्ने विषय धेरै छन्। तर, नेपाल आयातमा रमाएको छ। निर्यात बढाउन सकेको छैन।

सुआन र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाबीच शनिबार शिष्टाचार भेटवार्ता भएको छ। सुआन उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल आएकी हुन्। भेटका क्रममा नेपाल-भियतनाम सम्बन्धका विविध आयामका साथै द्विपक्षीय हित र आपसी चासोका विषयमा कुराकानी भएको, मन्त्री डा. राणाले पछिल्लो समय तीव्र आर्थिक विकासका लागि भियतनामलाई बधाई दिँदै अन्य देशले पनि सिक्नसक्ने धारणा राखेको मन्त्रीको सचिवालयले जनाएको जनाएको छ। तर, नेपालले के सिक्छ र कति सिक्छ भन्ने चाहिँ प्रश्नचिन्ह नै लागेको अवस्था छ।



भियतनामकी उपराष्ट्रपति भो थि आन सुआन नेपालको औपचारिक भ्रमणका लागि शनिबार काठमाडौंमा।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी।*

- **गत साउनमा ४० करोड १९ लाखको आयात हुँदा निर्यात १ करोड १९ लाखको मात्रै**
- **एक महिनामा भित्रियो २ करोड ५७ लाखको मरिच र ३ करोड १९ लाखको मोबाइल चार्जर**

नेपालले भियतनामसँग गर्ने व्यापारमा आयात अत्यधिक रहेको भन्सार विभागको तथ्यांकमा देखिन्छ। भियतनामबाट नेपालमा प्रशस्त परिमाणमा खाद्यान्नदेखि कपडा, इलेक्ट्रोनिक सामान, औद्योगिक कच्चापदार्थ र दैनिक उपभोग्य वस्तु भित्रिने गरेको छ भने नेपालबाट निर्यात परिमाण भने नगण्य छ।

*बाँकी पृष्ठ २ मा ...*

# वीरगंजमा फैलियो हैजा, दुईको मृत्यु, २०० भन्दा बढी बिरामी

**मुस्कान श्रेष्ठ**
**पर्सा, भदौ ७**

वीरगंजमा हैजा संक्रमण तीव्र गतिमा फैलिँदै जाँदा दुई जनाको ज्यान गएको छ भने दुई सय जनाभन्दा बढी बिरामी परेका छन्। नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार झाडापखालाको लक्षण देखिएका दुई बिरामीको मृत्यु भएको हो।

३५ वर्षीय एक पुरुषको नारायणी अस्पतालमा शनिबार र १९ वर्षीया युवतीको वीरगंज हेल्थ केयरमा शुक्रबार मृत्यु भएको हो। दुवैको हैजा परीक्षण हुन नपाउँदै मृत्यु भएकाले पुष्टि हुन बाँकी रहेको जनाइएको छ।

वीरगंज-१२ मुर्ली टोलबाट शुक्रबार झाडापखालाका ३० जनाभन्दा बढी बिरामी अस्पताल भर्ना भएका थिए। परीक्षणमा तीमध्ये ३ जनामा हैजाको जीवाणु विब्रिओ कोलेरा भेटिएको पुष्टि भएको छ। संक्रमितमध्ये एक १६ वर्षीय किशोरको अवस्था गम्भीर छ।

जनस्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. जयमोद ठाकुरका अनुसार हैजा संक्रमण सुरुमा वडा नम्बर ११, १२ र १३ मा देखिए पनि शनिबार साँझसम्म यो १६ नम्बर वडासम्म फैलिसकेको छ। धेरै जना उस्तै लक्षण देखिएर उपचारार्थ स्वास्थ्य संस्थामा पुगिरहेका छन्। संक्रमणको अवस्था देखेर हाल वडा नम्बर १ देखि १६ सम्मलाई जोखिमयुक्त क्षेत्र घोषणा गरिएको छ। संक्रमण फैलिँदै जाँदा वीरगंज महानगरपालिकाले उच्च सतर्कता अपनाउन नगरबासीलाई आग्रह गरेको छ। महानगर प्रमुख राजेशमान सिंहको निर्देशनमा प्रभावित क्षेत्रमा जनचेतनामूलक अभियान, पानी परीक्षण, र सरसफाइ प्रवर्धनका काम तीव्र पारिएको छ।

शनिबार साँझसम्म वीरगंजका विभिन्न अस्पतालमा दुई सय जनाभन्दा बढी बिरामी उपचाररत छन् भने ३९ जनामा हैजाको संक्रमण पुष्टि भइसकेको छ। सतर्कता अपनाउँदै संक्रमण नियन्त्रणका लागि दुई दिनसम्म नगरका सबै शैक्षिक संस्थाहरू बन्द गरिएका छन्। साथै, पानीपुरी, चाट जस्ता स्ट्रीट फूड पसलहरू पनि बन्द गर्न आदेश दिइएको छ।

अस्पतालहरूका बिरामीको चाप बढेसँगै संक्रमण रोकथाममा मधेस प्रदेश सरकार पनि सक्रिय भएको छ। कार्यवाहक मुख्यमन्त्री सरोजकुमार यादवको निर्देशनमा डा. विपिनकुमार झा र जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुर वीरगंजमा खटिएका छन्। उनीहरू संक्रमित क्षेत्रको अनुगमन तथा समन्वयमा जुटेका छन्। साथै, जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिको बैठकले सबै अस्पतालमा 'डेडिकेटेड बेड' छुट्याउने, जनशक्ति थप गर्ने र घरदैलो जनचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।



- **मुर्ली टोलबाट सुरू भएको हैजा १६ वटा वडामा**
- **२०० जनाभन्दा बढी बिरामी अस्पतालमा उपचाररत**
- **वीरगंज महानगर र मधेस प्रदेश सरकार सतर्क**
- **जनचेतना, पानी परीक्षण र सरसफाइ अभियान तीव्र**

डीप बोरिङको पानी सेवनका कारण हैजा फैलिएको आशंका गरिएको छ। महानगरपालिकाका अनुसार पानीको नमुना संकलन गरी काठमाडौंको प्रयोगशालामा परीक्षणका लागि पठाइएको छ।

## फोहोर मुख्य कारक

चिकित्सकहरूका अनुसार हैजा फोहोरबाट सर्ने रोग हो। यसका कीटाणु दूषित पानीको प्रयोगले फैलन्छ। जब हैजा संक्रमित व्यक्तिको दिसा कुनै तरिकाले पिउने पानीको स्रोतमा मिसिन्छ, तब पानी दूषित हुन्छ। यस्तो पानी नउमाली वा शुद्धीकरण नगरी पिउँदा, खाना बनाउन प्रयोग गर्दा, वा भाँडाकुँडा धुँदा रोग सर्ने खतरा अत्यधिक हुन्छ। बाढी, पहिरो वा फोहोर खानेपानी, मुहानमा ढल मिसिनु, खुला ठाउँमा दिसा गरेको ठाउँ नजिकै पानीको स्रोत हुनुले पानी दूषित हुन्छ। हैजाको कीटाणु खानाको माध्यमबाट पनि तीव्र गतिमा फैलिन्छ। दूषित पानीले पखालेको काँचै खाने फलफूल वा तरकारी खाँदा, हैजा लागेको व्यक्तिले राम्ररी हात नधोई खाना बनाउँदा वा छोएमा, संक्रमित व्यक्तिको दिसामा बसेको झिँगा नछोपेको खानामा बस्दा, सडकमा खुला रूपमा बेच्न राखिएका, बासी वा राम्ररी नपकाइएका खानेकुरा खाँदा, विशेषगरी, दूषित पानीबाट निकालिएका माछा वा अन्य समुद्री खाना काँचै खाँदा यो रोग सर्न सक्छ।

स्वास्थ्यकर्मीले व्यक्तिगत सरसफाइको कमीलाई पनि कारक बताएका छन्। व्यक्तिगत सरसफाइमा ध्यान नदिँदा पनि हैजा सजिलै सर्न सक्छ। शौचालय गएपछि साबुन-पानीले राम्ररी हात नधुनु, खाना खानुअघि वा खाना बनाउनुअघि हात सफा नगर्नु र हैजाका बिरामीको हेरचाह गरेपछि राम्ररी हात सफा नगर्नुले संक्रमणको जोखिम उच्च हुन्छ। वरपरको वातावरण फोहोर हुँदा हैजाको कीटाणुलाई फैलिन सजिलो हुन्छ। जथाभावी खुला ठाउँमा दिसापिसाब गर्नु, ढल निकासको राम्रो व्यवस्था नहुनु र फोहोरमैलाको उचित व्यवस्थापन नहुँदा झिँगा बढ्दा पनि हैजा फैलन्छ। सफा पानी, सफा खाना र साबुन-पानीले हात धुने बानीले नै हैजाबाट बच्न सकिने स्वास्थ्यकर्मीले बताएका छन्।

महानगरका धेरै ठाउँमा खानेपानीका स्रोत वरपर फोहोर छ। नाला खुला छन्। वर्षासँगै ढलको पानी खानेपानीका स्रोतमा मिसिएको अनुमान छ। केही महिना अघिसम्म खानेपानीको हाहाकार रहेको महानगरमा वर्षासँगै ढल थुनिएका छन्। फोहोर बढेको छ। पानीका स्रोत सफ गर्न चुनौती बढेको छ।

## भित्री पृष्ठमा



**मौन समाजमा विलुप्त विवेक**

*समाज र लोकतन्त्रको बल नागरिक चेतना, विवेक र प्रश्न सोध्ने क्षमतामा निर्भर हुन्छ। विवेकलाई जीवित गर्न नसके लोकतन्त्र केवल जयगानको मेला बन्नेछ र नागरिक केवल हुकुमदास*

*(नरेन्द्रजंग पिटरको विचार)*

- **लिपुलेक विवादमा भारत र चीनलाई अलग-अलग कूटनीतिक नोट**
- **टेनिसकी दिग्गज भिनस विलियम्स फेरि अमेरिकी ओपन टेनिसमा**
- **साउनमा व्यापार घाटा एक खर्ब १९ अर्ब**
- **नयाँ पुस्ताका कलाकारका लागि वरदान बन्दै युट्युब**

# कुकुरका लागि सच्चियो अदालत

नयाँदिल्लीमा सडक कुकुरहरूको व्यवस्थापनलाई लिएर हालै अदालतमा एउटा ठूलो र महत्त्वपूर्ण घटनाक्रम भयो। पहिले सबै कुकुरलाई सडकबाट हटाउन भनियो, तर पछि त्यो आदेशलाई सच्याइयो।

केही समयदेखि नयाँदिल्ली र वरपरका क्षेत्रमा सडक कुकुरले सर्वसाधारणलाई टोकेका घटना बढेको र रेबिजको खतरा फैलिएको भन्दै चिन्ता बढेको थियो। यही मुद्दामा सुनुवाइ गर्दै भारतको सर्वोच्च अदालतका दुई न्यायाधीशको इजलासले अगस्ट ११ एउटा कडा आदेश दियो। आदेशमा भनिएको थियो, 'दिल्ली-एनसीआर क्षेत्रका सबै आवारा कुकुरहरूलाई सडकबाट हटाएर स्थायी रूपमा पशु आश्रयस्थल (सेल्टर) मा सारियोस्।' आदेश सार्वजनिक सुरक्षालाई ध्यानमा राखेर दिइएको थियो। तर, यो आदेशले ठूलो बहस सिर्जना गऱ्यो।



पशु कल्याणका लागि काम गर्ने संस्थाहरू र जनावरप्रेमीहरूले चर्को विरोध गरे। दिल्लीका सडकहरूमा ठूलो संख्यामा रहेका सबै कुकुरलाई एकैपटक आश्रयस्थलमा राख्न सम्भव थिएन। नगरपालिकाहरूसँग त्यति ठूलो क्षमताको आश्रयस्थल नै थिएन। कुकुरहरू आफ्नो इलाकामा बस्ने जनावर हुन्। उनीहरूलाई हटाएर बन्द सेल्टरमा राख्दा उनीहरू तनावमा आउने र अझ आक्रामक हुन सक्ने तर्क गरियो।

*बाँकी पृष्ठ २ मा ...*



लिपुलेक विवाद

# भारत र चीनलाई अलग–अलग कूटनीतिक नोट

## भारतलाई सीमा विवाद द्विपक्षीय वार्तामार्फत समाधान गर्न आग्रह, चीनलाई नेपालको संवैधानिक अडान स्मरण

**संवाददाता**
**काठमाडौं, भदौ ६**

नेपाल सरकारले लिपुलेक क्षेत्रबारे भारत र चीनलाई अलग-अलग कूटनीतिक नोट पठाएको छ। हालै भारत र चीनबीच लिपुलेकसहितका तीन मार्गमार्फत व्यापार पुनः सुरु गर्ने समझौता भएपछि नेपालले असन्तुष्टि व्यक्त गर्दै यो कदम चालेको हो।

उच्च सरकारी स्रोतका अनुसार नेपालले आफ्नो संविधान र प्रकाशित नक्सामा लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्र महाकाली नदीको पूर्वतर्फ पर्ने भूभाग आफ्नो भएको दोहोर्‍याएको छ। भारतलाई पठाइएको नोटमा सीमा विवाद द्विपक्षीय वार्तामार्फत समाधान गर्न आग्रह गरिएको छ भने चीनलाई पठाइएको नोटमा नेपालको संवैधानिक अडान स्मरण गराइएको छ। यद्यपि परराष्ट्र मन्त्रालयले यसबारे जानकारी औपचारि रुपमा सार्वजनिक गरेको छैन।

सम्बन्ध सुधारका लागि दुईदिने भ्रमणमा नयाँदिल्ली पुगेका चिनियाँ विदेशमन्त्री वाङले गत मंगलबार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेट गरेका थिए। सोही दिन भारतीय विदेश मन्त्रालयले विज्ञप्ति जारी गर्दै लिपुलेक नाकाबाट द्विदेशीय व्यापार सुरु गर्ने उल्लेख गरेको थियो।

१२ हुँदे विज्ञप्तिको नवौं बुँदामा 'दुवै पक्ष तोकिएका तीन नाकाहरू लिपुलेक पास, सिप्किला पास र नाथुला पासमार्फत सीमापार व्यापार पुनः सुरु गर्न सहमत भएका छन्' भन्ने उल्लेख छ।

एस जयशंकरसँगको भेटसम्बन्धी नोटमा 'दुवै पक्षले दुई देशबीच व्यापार र लगानी प्रवाहलाई ठोस उपायहरूमार्फत सहज बनाउने सहमति जनाए' भन्ने उल्लेख भए पनि डोभालसँग वाङ यीले गरेको भेट सम्बन्धमा चिनियाँ परराष्ट्र मन्त्रालयले जारी गरेको नोटमा भने नाकाको विषय उल्लेख थियो। नोटमा 'रेनचिङगाङ-चाङ्गु, पुलान-गुञ्जी र जिउबा-नाम्या गरी तीनवटा परम्परागत सीमा व्यापार बजारहरू पुनः खोल्ने सहमति गरियो' भन्ने उल्लेख थियो। उक्त नोटमा 'लिपुलेक' भन्ने शब्द उल्लेख थिएन। तर, उल्लेख भएको 'पुलान-गुञ्जी' नेपालसँग सम्बन्धित छ। पुलान हुम्लाको ताक्लाकोट नाकातर्फको चिनियाँ भूभाग हो भने गुञ्जी नेपालले जारी गरेको चुच्चे नक्सा भित्रको भूमि हो।

नेपाली भूमिलाई भारतको भनेर व्यापारिक मार्ग खुला गर्ने दुई छिमेकीले बलमिच्याइँ गरेका भन्दै विरोध भएपछि नेपालको परराष्ट्र मन्त्रालयले ३ बुँदे विज्ञप्ति जारी गर्दै

आफ्नो अडान प्रष्ट पारेको थियो। मन्त्रालयले बुधबार साँझ भनेको थियो - 'संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ।'

नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको व्यहोरा पनि विदितै रहेको उल्लेख गर्दै उक्त क्षेत्र नेपाली भू-भाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको जनाएको थियो। 'नेपाल-भारतबीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ,' विज्ञप्तिमा भनिएको थियो।

त्यसलगत्तै भारतीय विदेश मन्त्रालयको विज्ञप्ति आयो। त्यसमा नेपालले उक्त भूमि आफ्नो भएको दाबी गर्न नसक्ने आशय थियो।

'लिपुलेक भञ्ज्याङ हुँदै भारत र चीनबीच सीमा व्यापार पुनः सुरु गर्ने सम्बन्धमा नेपालको परराष्ट्र मन्त्रालयको टिप्पणीलाई हामीले ध्यानमा राखेका छौं। यस सम्बन्धमा हाम्रो अडान निरन्तर र स्पष्ट छ,' भारतीय विदेश मन्त्रालय प्रवक्ता रणधीर जैसवालले भनेका थिए, 'लिपुलेक भञ्ज्याङ हुँदै भारत र चीनबीचको सीमा व्यापार सन् १९५४ मा सुरु भएको थियो र दशकौंदेखि चल्दै आएको छ। यो व्यापार हालैका वर्षहरूमा कोभिड र अन्य घटनाक्रमका कारण अवरुद्ध भएको थियो, र अहिले दुवै पक्ष यसलाई पुनः सुरु गर्न सहमत भएका छन्।' घुमाउरो पारामा विज्ञप्तिमा उक्त भूमि आफ्नो रहेको र त्यसको प्रमाण भएको पनि दाबी गरिएको थियो। 'जहाँसम्म क्षेत्रीय दाबीको सवाल छ, हाम्रो अडान यथावत छ कि त्यस्ता दाबीहरू न त न्यायोचित छन् न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्,' विज्ञप्तिमा भनिएको थियो, 'कुनै पनि एकपक्षीय रूपमा कृत्रिम तरिकाले क्षेत्रीय दाबी बिस्तार गर्नु अस्वीकार्य छ। सहमत भएका बाँकी सीमा विवादहरूलाई संवाद र कूटनीतिमार्फत समाधान गर्न भारत नेपालसँग रचनात्मक अन्तरक्रियाका लागि सदैव खुला छ।'

लिपुलेकको त्रिदेशीय नाकामा यसअघि पनि भारत र चीनले नेपाललाई छलेर द्विपक्षीय सम्झौता गर्दै आएका थिए। पछिल्लो सम्झौता तेस्रो चरण हो। भारत-भीच उक्त सम्झौताका विषयमा संसदमा चर्का कुरा उठेका थिए। प्रमुख दलका सांसदहरूले सरकारलाई कूटनीतिक दबाब बढाउन आग्रह गरेका थिए। कांग्रेस, एमाले, माओवादी केन्द्र लगायत दलले साझा स्वरमा लिपुलेक नेपालकै भूमि भएकाले विवादको समाधान कूटनीतिक माध्यमबाट पहिल्याउन सरकारलाई आग्रह गरेका थिए।

त्रिदेशीय क्षेत्र लिपुलेक धार्मिक दृष्टिले कैलाश-मानसरोवर यात्राको मार्ग र रणनीतिक दृष्टिले संवेदनशील मानिन्छ। भारतले सन् २०२० मा लिपुलेकमार्गसम्म सडक निर्माण गरेपछि नेपालले नयाँ नक्सा जारी गर्दै उक्त क्षेत्रलाई आफ्नो चुच्चे नक्सामा गरेको थियो।

यसअघि पनि नेपालले सन् २०१५ मा भारत र चीन दुवैलाई कूटनीतिक नोट पठाएको थियो। अहिले फेरि उही विवाद दोहोरिएको छ र नेपालले आफ्नो अडान पुनः स्पष्ट गरेको छ।




भारत-चीन सम्झौताविरुद्ध शनिबार लैनचौरस्थित भारतीय राजदूतावास अगाडि प्रदर्शन गर्दै विद्यार्थी संगठनहरू। *तस्बिर नेपाल फोटो लाइब्रेरी*

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण र त्यसपछि हुने भारत यात्रा अब यो विषयसँगै जोडिएको छ। नेपालले दुवै छिमेकीसँग कूटनीतिक संवादमार्फत मात्र विवाद समाधान गर्नुपर्ने अडान राखेको छ।

नेपालले सीमा विवादसहित विभिन्न विषयमा छिमेकी मुलुक भारतलाई एक दर्जन कूटनीतिक नोट पठाएको छ। सीमा सरोकारका सवालमा नेपालले उठाएका एजेन्डालाई भारतले बेवास्ता गर्दै आएको छ। भारत र चीनले लिपुलेकलाई व्यापारिक मार्ग बनाउने सम्झौता गर्दा २०७२ जेठमा, नेपाली भूमि हुँदै मानसरोबर जाने सडक उद्घाटन गरेको विषयमा २०७७ वैशाखमा, नेपालले आफ्नो भूमि समावेश गरेर नयाँ नक्सा जारी गरेको विषयमा २०७७ मंसिरमा, सोही मितिमा रकम भुक्तानी गरिसकेपछि कोभिशिल्ड खोप प्राप्त नभएको विषयमा, तुइनबाट महाकाली नदीमा खसेर जयसिंह धामी बगेको र भारतीय सुरक्षाकर्मीले हेलिकोप्टर नेपाली भूमिमा उडाएको विषयमा २०७८ भदौमा र पछिल्लोपटक भारत र चीनका बीचमा व्यापार नाकाको सम्झौताका विषयमा बिहीबार कूटनीतिक नोट पठाएको हो।

लिपुलेक, कालापानी र लिम्पियाधुरासहित करिब ३७२ वर्ग किलोमिटर भूभाग नेपालले आफ्नो भूमि भएको प्रष्ट दाबी गर्दै आएको छ। १८१६ को सुगौली सन्धिअनुसार काली नदीको पश्चिमतर्फ पर्ने सम्पूर्ण भूभाग नेपालमा पर्छ। तर, भारतले उक्त क्षेत्रमा स्थायीरूपमा सैन्य उपस्थिति कायम राखेको छ। सन् १९६२ को भारत-चीन युद्धपछि भारतले कालापानी क्षेत्रमा सैनिक क्याम्प स्थापना गरेको थियो। रणनीतिक दृष्टिले संवेदनशील मानिने उक्त भूभागमा भारत सक्रिय छ।

यसअघि पनि २०१५ मे महिनामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत र चीनबीच लिपुलेकमार्फत व्यापार गर्ने सहमति भएको थियो। त्यसबेला तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सरकारले तत्कालै आपत्ति जनाएको थियो।

## भिनस फेरि ओपन च्याम्पियनसिपमा

न्यूयोर्क - टेनिसकी दिग्गज खेलाडी भिनस विलियम्स फेरि अमेरिकी ओपन टेनिस च्याम्पियनसिपमा फर्किएकी छन्। आइतबारदेखि सुरु भएको प्रतियोगितामा ४५ वर्षीया अमेरिकी खेलाडीको उपस्थितिले विशेष चर्चा पाएको छ। यो उमेरमा सन् १९८१ यतादेखि कसैले पनि अमेरिकी ओपनको सिंगल्सतर्फ प्रतिस्पर्धा गरेको थिएन।

दुई वर्षपछि पहिलोपटक ग्रान्डस्लाममा फर्किएकी विलियम्स सोमबार राति आर्थर एश स्टेडियममा २०२३ फ्रेन्च ओपन उपविजेता तथा दुईपटक यूएस ओपन सेमिफाइनल खेलिसकेकी करोलिना मुचोभासँग भिड्नेछिन्।

विलियम्सले भनेकी छन्, 'म आफ्नो उत्कृष्ट प्रदर्शन गर्न चाहन्छु। मैले अन्य खेलाडीहरू जति धेरै खेल्न पाएकी छैन, त्यसैले यो फरक चुनौती हो। तर म रमाइलो



गर्ने, आराम गर्ने र आफ्नो व्यक्तिगत खुबी देखाउने प्रयासमा छु।' टेनिस जगतमा उनको उमेरले मात्रै होइन, उनी आफैं एक प्रेरणादायी आइकनका रूपमा फर्किएकी कुराले पनि चर्चा पाएको छ। खेल परिणाम जे भए पनि ७ पटकको ग्रान्डस्लाम विजेताको यो उपस्थितिलाई खेलाडी र प्रशंसकहरूले उच्च सम्मानका साथ हेरेका छन्। (एपी)

## साहित्य सन्ध्याद्वारा पाँच स्रष्टा सम्मानित

काठमाडौं (संवाददाता)- साहित्य सन्ध्याले ४६६ औं विशेष शृंखला बागबजारको पद्मकन्या क्याम्पसमा आयोजना गर्दै २०८१ सालका 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' पाँच जनालाई अर्पण गरेको छ।

प्राडा कपिल लामिछानेलाई २१ हजार १ सय राशिको मुख्य 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान,' नवराज श्रेष्ठलाई साहित्य सन्ध्या सहभागिता पुरस्कार, डा. मञ्जु दाहाललाई साहित्य सन्ध्या-मन पुरस्कार, सरोज अधिकारीलाई साहित्य सन्ध्या-कृबा पुरस्कार र नियात्राकार भवानी खतिवडालाई साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईं नियात्रा पुरस्कारबाट सम्मानित गरिएको हो।

कार्यक्रममा सम्मानितहरूले आफ्ना



अनुभव र योगदानका प्रसंग राख्दै साहित्य, स्वास्थ्य, शिक्षा र समाजसेवामा निरन्तर योगदान गर्ने प्रेरणा लिने प्रतिबद्धता जनाए। शिक्षामन्त्री रघुजी पन्तले साहित्य सन्ध्याको चार दशकभन्दा लामो अविराम यात्रालाई आन्दोलनको पर्याय भन्दै संस्थाले पुरस्कृत गरेका सबैको योगदान समाजका लागि अनुकरणीय हुने बताए। २०३९ सालदेखि निरन्तर मासिक गोष्ठी गर्दै साहित्य सन्ध्याले हालसम्म ७८ जना स्रष्टालाई सम्मान गरिसकेको छ।

## प्रधानसम्पादक कोइराला पुरस्कृत

विराटनगर। न्युज २४ दैनिकका प्रधानसम्पादक तीर्थ कोइराला पुरस्कृत भएका छन्। उनलाई पिताम्वर-खिलेश्वरी स्मृति प्रतिष्ठानले कोशराज रेग्मी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०८२ दिएको हो।



प्रतिष्ठान र नेपाल पत्रकार महासंघद्वारा आयोजित शनिबार विराटनगरमा आयोजित समारोहमा कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्टले २५ हजार राशिसहित पुरस्कार कोइरालालाई हस्तान्तरण गरे। यसअघि उक्त पुरस्कार पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्षहरू हरिहर विरही, विष्णु निष्ठुरी र धर्मेन्द्र झाले प्राप्त गरेका थिए।

कोशी प्रदेश सरकारले अघि बढाएको सञ्चार प्रतिष्ठान विधेयक विवादमा छ। समारोहमा सभामुख विष्टले उक्त विधेयक पत्रकारहरूको हितका लागि भएको दाबी गरे।

### भियतनामसँगको व्यापारमा ...

भन्सार विभागको तथ्यांकअनुसार, भियतनामबाट नेपालमा आयात हुने प्रमुख वस्तुमा क्याटफिस, टुना, काजु, मरिच, सेतो मरिच, चामल, कफी, प्लास्टिकजन्य सामान, रबर, कपडा, जुत्ता, कम्प्युटर हार्डवेयर, मोबाइल चार्जर, ब्याट्री, टिभी, ल्यापटप, ट्याबलेट, स्मार्टवाच, घरेलु उपकरण, औषधि र मेसिनरी वस्तु छन्।

सबैभन्दा ठूलो परिमाणमा आयात भएको वस्तुमा फ्ल्याट प्यानल टीभी, मोबाइल फोन चार्जर, कम्प्युटर, प्रिन्टर, स्मार्टवाच, कपडा, प्लास्टिकजन्य सामग्री र औद्योगिक मेसिनरी पर्छन्।

भियतनामबाट गत साउनमा मात्रै ३ करोड १९ लाख २६ हजार रुपैयाँ बराबरको २३ हजारवटा मोबाइल चार्जर आयात भएको छ। यस्तै ट्याबलेट, ल्यापटप, टेलिभिजन, स्मार्टवाच, धुने मेसिन, कपडा र फुटवेयर पनि ठूलो परिमाणमा आयात भएको छ।

खाद्यान्नतर्फ सेतो मरिच, कालो मरिच, चामल, माछा (क्याटफिस, टुना), काजु, कफी लगायतका वस्तु आयात हुँदै आएका छन्। कालो मरिच २ करोड ५७ लाख १० हजार रुपैयाँको २७ हजार किलो आयात भएको छ। भियतनामबाट औद्योगिक कच्चापदार्थ र प्रविधि पनि आयात हुने गरेको छ। नेपालले भियतनामबाट क्याल्सियम कार्बोनेट, रबर, प्लास्टिकका उत्पादन, कपर ट्यूब, मेसिनरी पार्ट्स, इलेक्ट्रोनिक उपकरण लगायतका औद्योगिक कच्चापदार्थ आयात गरिरहेको छ।

तथ्यांकअनुसार नेपालबाट भियतनामतर्फ हुने निर्यात न्यून छ। वस्तुगत हिसाबले निर्यात उल्लेखनीय छैन। गत साउनमा मात्रै १ करोड १९ लाख ३३ हजार रुपैयाँको निर्यात भएको छ।

साउनमा ४० करोड १९ लाख ८३ हजार रुपैयाँ बराबरको आयात भएको छ। व्यापार घाटा ३९ करोड ५० हजार रुपैयाँ छ। अधिकांश कारोबार आयातमै केन्द्रित हुँदा नेपाल-भियतनाम व्यापार घाटा अत्यधिक देखिन्छ।



नेपाल र भियतनामबीचको व्यापारमा आयातको एकतर्फी प्रभुत्व छ। नेपालले भियतनामबाट खाद्यान्न, उपभोग्य सामानदेखि आधुनिक इलेक्ट्रोनिक उपकरणसम्म आयात गरिरहे पनि निर्यात गर्न सकेको छैन।

नेपालले आफ्ना कृषिजन्य, हस्तकलाजन्य र कच्चा पदार्थहरू निर्यात गर्ने क्षमता विस्तार नगरेसम्म भियतनामसँगको व्यापार घाटा झनै बढ्ने सम्भावना छ।

**विश्वको ध्यान खिच्दै भियतनाम**

कुनै समय युद्ध र गरिबीले थलिएको दक्षिणपूर्वी एसियाली राष्ट्र भियतनाम आज विश्वमा तीव्र गतिमा उदाउँदो आर्थिक शक्ति र पर्यटकीय गन्तव्यको रूपमा स्थापित भएको छ। करिब १० करोड जनसंख्या भएको एस-आकारको देशले तीन दशकमा गरेको प्रगति विश्वका लागि एक उदाहरणीय कथा बनेको छ।

भियतनामको सबैभन्दा उल्लेखनीय पक्ष आर्थिक वृद्धि हो। सन् १९८६ मा 'दोई मोई' नामक आर्थिक सुधार नीति लागू गरेपछि यसले बजार अर्थतन्त्रलाई अपनायो। आज, भियतनाम विश्वको सबैभन्दा छिटो बढ्दो अर्थतन्त्रहरूमध्ये एक हो। सामसङ जस्ता बहुराष्ट्रिय कम्पनीहरूले आफ्ना कारखानाहरू भियतनाममा सारेका छन्, जसले गर्दा यो मुलुक इलेक्ट्रोनिक्स, कपडा र जुत्ता उत्पादनको प्रमुख केन्द्र बनेको छ। साथै, कफी, चामल र समुद्री खानेकुरा निर्यातमा पनि विश्वमै अग्रणी स्थानमा छ। विदेशी लगानी र युवा जनशक्तिका कारण यो मुलुकले 'एसियाको नयाँ आर्थिक बाघ'को उपनाम पाएको छ।

भियतनामको इतिहास संघर्षपूर्ण छ, विशेषगरी अमेरिकासँगको युद्धले यसलाई विश्वभर चिनायो। तर आजको भियतनाम त्यो घाउबाट धेरै अघि बढिसकेको छ। राजनीतिक रूपमा यहाँ एकदलीय कम्युनिस्ट शासन छ, तर आर्थिक नीतिहरू निकै उदार र बजारमुखी छन्। हो ची मिन्ह जस्ता नेताहरूको प्रभाव अझै पनि समाजमा गहिरो छ।

भियतनाम पर्यटकहरूका लागि स्वर्ग मानिन्छ। हनोईको पुरानो बजार, हजारौं चुनढुंगाका टापुहरूले भरिएको विश्व सम्पदा सूचीमा सूचीकृत 'हा लङ बे', र युद्धका अवशेषहरू बोकेको हो ची मिन्ह सिटी (पहिले साइगन) यहाँका प्रमुख आकर्षण हुन्। यसका साथै डा नाङका सुन्दर समुद्री तटहरू र मेकङ डेल्टाको हरियालीले पर्यटकलाई लोभ्याउँछ। भियतनामी खाना, विशेषगरी 'फो' (सुप) र 'बान्ह मी' (स्यान्डविच) प्रसिद्ध छ।

तीव्र विकाससँगै भियतनामले वातावरणीय प्रदूषण, सहरीकरणको चाप र पूर्वाधारको कमी जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। यसका साथै, दक्षिण चीन सागरमा चीनसँगको सीमा विवाद यसको प्रमुख भू-राजनीतिक चिन्ताको विषय बनेको छ।

### सडक कुकुरका ...



भारतमा 'पशु जन्म नियन्त्रण (एनिमल बर्थ कन्ट्रोल- एबिसी) नियम' छ, जसले आवारा कुकुरहरूको संख्या नियन्त्रण गर्न उनीहरूलाई मार्नु वा स्थायी रूपमा हटाउनुको सट्टा बन्ध्याकरण गरेर सोही ठाउँमा छोड्नुपर्ने व्यवस्था गरेको छ। अदालतको पहिलो आदेश उक्त प्रावधानका विपरीत थियो। व्यापक विरोध र पशु अधिकारकर्मीहरूको पुनरावेदनपछि सर्वोच्चकै तीन न्यायाधीशको इजलासले यो मुद्दालाई फेरि हेर्‍यो। उक्त इजलासले शुक्रबार पुरानो आदेशलाई निलम्बन गर्दै नयाँ र सन्तुलित आदेश जारी गर्‍यो।

सच्चिएर आएको नयाँ आदेशले मध्यमार्ग निकालेको छ, जसले मानिसको सुरक्षा र जनावरको अधिकार दुवैलाई सम्मान गर्छ। नयाँ आदेशअनुसार सबै कुकुरलाई समातेर सेल्टरमा राख्नु पर्दैन। नगरपालिकाले कुकुरहरूलाई समातेर उनीहरूको बन्ध्याकरण र रेबिजविरुद्धको खोप अनिवार्य रूपमा लगाउनुपर्छ। खोप र बन्ध्याकरणपछि यदि कुकुरहरू स्वस्थ छन् र आक्रामक छैनन् भने उनीहरूलाई समातिएकै टोल वा इलाकामा सुरक्षित रूपमा छोडिदिनुपर्छ। केवल रेबिज लागेका, गम्भीर बिरामी वा मानिसका लागि खतरनाक साबित भएका आक्रामक कुकुरहरूलाई मात्र सेल्टरमा राखिनुपर्छ। (एजेन्सी)

### आजको राशिफल

**मेष**
आज आत्मबल बढ्नेछ। परिवारमा रमाइलो जमघट हुने सम्भावना छ। व्यापार-व्यवसायबाट लाभ हुनेछ।

**वृष**
खर्च बढ्ने संकेत छ। नसोचेको काममा समय खर्चिनुपर्नेछ। मान-प्रतिष्ठामा भने सुधार आउनेछ।

**मिथुन**
कामप्रति उत्साह बढ्नेछ। साथीभाइसँग भेटघाटले हर्ष बढाउनेछ। अध्ययनमा प्रगति हुनेछ। यात्राबाट फाइदा मिल्नेछ।

**कर्कट**
बुझाइमा कमी हुँदा विवाद बढ्न सक्छ। अरूको कुरा सुनेर मात्र निर्णय गर्नु उपयुक्त हुन्छ। खर्चमा नियन्त्रण आवश्यक छ।

**सिंह**
दाजुभाइ वा साथीहरूसँग सम्बन्ध प्रगाढ बन्नेछ। कामकाजमा सफलताको सम्भावना छ। मन हर्षित हुनेछ।

**कन्या**
कर्म क्षेत्रमा अवरोध आउन सक्छ। स्वास्थ्यप्रति सचेत रहनुहोस्। धैर्यले समस्या समाधान गर्न सकिनेछ।

**तुला**
श्रमको उचित मूल्यांकन हुनेछ। पेसा-व्यवसायमा लाभ पाइनेछ। घरायसी सुख सुविधा बढ्ने सम्भावना छ।

**वृश्चिक**
दिन सामान्य फलदायी रहनेछ। महत्त्वाकांक्षी योजना रोकिए पनि भविष्यमा फाइदा हुनेछ। वैदेशिक सम्पर्क बढ्न सक्छ।

**धनु**
भाग्यले साथ दिनेछ। आर्थिक लाभका साथै मान-प्रतिष्ठा बढ्नेछ। अध्ययन वा नयाँ सीप सिक्ने अवसर मिल्ने सम्भावना छ।

**मकर**
घरायसी समस्याले दुःख दिनेछ। दिक्क महसुस भए पनि धैर्य गर्नु उपयुक्त हुन्छ। स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ।

**कुम्भ**
नयाँ काम थाल्न उपयुक्त समय छ। शुभचिन्तकको सहयोग पाइनेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**मीन**
अप्रत्याशित धनलाभको योग छ। परिवारमा खुसी छाउनेछ। धार्मिक वा सामाजिक कार्यमा सक्रियता बढ्नेछ।

# परम्परागत खेती छाडेर च्याउ उमार्दै युवा



दानबहादुर बुढा
मुगु, भदौ ७

मुगु जिल्लामा परम्परागत खेतीप्रति आशक्त रहेका युवाहरू पछिल्लो समय च्याउ खेतीतर्फ आकर्षित भइरहेका छन्। कम लगानीमा अधिक आम्दानी हुने देखेपछि धेरै युवाहरूले च्याउलाई व्यावसायिकरूपमा उत्पादन गर्न थालेका हुन्।

छायानाथ रारा नगरपालिका-५ का रामराज कार्कीले १० वर्षअघि २० हजार रुपैयाँको लगानीबाट शुरु गरेको च्याउ व्यवसाय अहिले उनको प्रमुख आम्दानीको स्रोत बनेको छ। उनले प्लास्टिक टनेल घरमा कन्न जातको च्याउ उत्पादन गर्दै आएका छन्। अहिले उनी चारवटा टनेल घरमा च्याउ उत्पादन गर्छन्। जहाँ प्रति बलबाट तीन/चार किलो च्याउ उत्पादन हुन्छ। च्याउ प्रति किलो चार सय रुपैयाँसम्म बिक्री हुने गरेको कार्की बताउँछन्। हाल उनी वार्षिक आठ लाख रुपैयाँभन्दा बढी आम्दानी गरिरहेका छन्।

खत्याड गाउँपालिका-५ का बमबहादुर बुढा पनि परम्परागत खेती छाडेर च्याउ खेतीमा लागेका छन्। उनले च्याउ खेतीलाई समय, श्रम र लगानीको हिसाबले सरल र लाभदायक मानेका छन्। दैनिक पाँचदेखि आठ किलो च्याउ घरमै ग्राहक आएर किन्ने गरेको र प्रति किलोको तीन सय रुपैयाँ मूल्य पाइने उनले बताए।

दुवै कृषकले वैदेशिक रोजगारीको सट्टा आफ्नै गाउँमै बसेर व्यवसाय गर्दा परिवारसँग रमाइलो गर्न पाइने र आर्थिक आत्मनिर्भरता प्राप्त हुने बताउँछन्।

मुगु जिल्लामा च्याउ खेतीका लागि अनुकूल हावापानी भएको भन्दै कृषि विकास कार्यालयले च्याउ खेती विस्तारका लागि तालिम, बीउ र अनुदान सहयोग गरिरहेको जनाएको छ। रामराज कार्की र देवीजंग बुढालाई एक-एक लाख रुपैयाँ बराबरको अनुदान दिइएको र अन्य इच्छुक कृषकलाई पनि तालिममार्फत च्याउ खेतीतर्फ आकर्षित गरिँदै आएको कार्यालयले जनाएको छ।

राज्यका तीनै तहका सरकारले बेरोजगार युवालाई स्वरोजगार बनाउने उद्देश्यले च्याउ खेतीलगायतका कार्यक्रम चलाइरहेका छन्। आगामी दिनमा च्याउ खेतीलाई अझ प्रविधिमैत्री र व्यवसायिक बनाउन थप कार्यक्रम कार्यान्वयन गर्ने कृषि मन्त्रालयको तयारी छ।



दाङको तुलसीपुर - १८ स्थित जय श्री हनुमान फिक्स चिम्नी इँटा उद्योगमा काम गर्दै मजदुर। यहाँ एक सय ५० जनाभन्दा बढीले रोजगारी पाएका छन्। *तस्बिरः रासस*

# सौर्य बत्ती जडानपछि रातको यात्रा सहज

जनकपुरधाम, भदौ ७

ढल्केवर-जनकपुर-जटही सडक खण्डमा राति हिँडडुल गर्ने यात्रुका लागि अब सजिलो हुने भएको छ। यो ३५ किलोमिटर सडकमा रू. चार करोड ३८ लाख ८९ हजारको लागतमा विद्युतीकरण गरिएको छ।

सडक डिभिजन कार्यालयले सडकका दुवै किनारमा पोल गाडेर सौर्य प्यानल र अन्य विद्युतीय उपकरणहरू जडान गरेको हो।

विद्युतीकरणसँगै यो सडक अब राति पनि उज्यालो हुने भएकाले यात्रुहरूलाई सुरक्षित आवागमनमा सहज हुनेछ।

यस कार्यको सराहना गर्दै नेकपा (एमाले) का सचिव रघुवीर महासेठले सरकार सडक सुरक्षा र पूर्वाधार विकासमा गम्भीर रहेको बताएका छन्। उनले विद्युतीकरणजस्ता आयोजनाले स्थानीयको जीवनशैलीमा सकारात्मक प्रभाव पार्ने उल्लेख गरे।

सडक डिभिजन कार्यालयका प्रमुख दरोगा साहका अनुसार अब नजिकैको भविष्यमा यो सडकमा 'फ्लाई ओभर' बनाउने योजना पनि रहेको छ। यो परियोजनाले जनकपुर क्षेत्रमा पूर्वाधार विकास र सार्वजनिक सुरक्षामा नयाँ सम्भावना खोल्ने विश्वास गरिएको छ।

# चौध वर्षदेखि प्रयोगविहीन शीत भण्डार



इलाम, भदौ ७

इलाम सदरमुकामस्थित 'नेपाल-भारत मैत्री शीत भण्डार' विगत १४ वर्षदेखि प्रयोगविहीन बनेको छ। इलाम नगरपालिका-९ सेरामा करोडौं खर्चेर निर्माण गरिएको सो शीत भण्डार प्रयोगविहीन बनेको हो।

सन्दकपुर गाउँपालिका-३ का किबी किसान देउकुमार राईले सो शीत भण्डार संचालन नभएकाले उत्पादित किबी भण्डारण गरेर राख्न नसकेको गुनासो गरे।

'सिजनमै बिक्री गरिसक्नुपर्छ, अफ सिजनमा बिक्री गर्न सके मूल्य बढी पाइने थियो,' उनले भने, 'हामीले सिजनमा यताबाट सस्तोमा बेचेको किबी अफ सिजनमा भारतबाट महँगो भएर आउँछ।'

शीत भण्डार संचालन गर्न सकिएमा यहाँ उत्पादित फलफूल र तरकारीले राम्रो मूल्य पाउने उनको भनाइ छ। शीत भण्डार संचालन नहुँदा यहाँ उत्पादित तरकारी तथा फलफूल महँगोमा झापा, मोरङलगायतका जिल्लामा लगेर भण्डारण गर्नुपर्ने बाध्यता छ।

आफ्नो उत्पादन सस्तोमा बेच्नुपर्दा कृषिप्रति निरुत्साहित हुने गरेको इलाम नगरपालिका-८ का किसान उमेशचन्द्र महतको गुनासो छ। इलाम नगरपालिकाले पटक पटक प्रयास गरे पनि शीत भण्डार संचालनमा ल्याउन नसकिएको जनाएको छ।

२० लाख किलोग्राम क्षमताको शीत भण्डार निर्माण गर्दा डिजाइनमा त्रुटि भएका कारण संचालन गर्न नसकिएको नगरपालिकाको भनाइ छ। प्रमुख प्रशासकीय अधिकृत गणेशकुमार खड्काले अहिलेको प्रविधि अनुसारको संरचना नभएकाले संचालन गर्न नसकिएको बताए।

'हाम्रो शीत भण्डारको संरचना अहिलेको प्रविधिअनुसारको रहेनछ, एउटै च्याम्बरमा सबै खालका वस्तु राख्ने गरी बनाइएको रहेछ,' प्रमुख प्रशासकीय अधिकृत खड्काले भने, 'पछिल्लो पटक निजी क्षेत्रका केही टोलीहरू हेर्न आएका थिए, तर शीत भण्डारको संरचना हेरेपछि उनीहरू त्यतिकै फर्किए।'

शीत भण्डार संचालनमा ल्याउन यसलाई फरक तापक्रममा विभिन्न वस्तु राख्न मिल्ने 'मल्टी च्याम्बर' बनाउनुपर्ने आवश्यकता औँल्याइएको छ।

रु पाँच करोड ४९ लाख ६७ हजार ६४६ मा २०६८ सालमा निर्माण गरिएको थियो। भारत सरकारको रु चार करोड ३९ लाख तीन हजार ८०८, नेपाल सरकारको रु ६७ लाख ५८ हजार ५४६ र इलाम नगरपालिकाको रु ४३ लाख पाँच हजार २९२ को लागतमा सो शीत भण्डार निर्माण गरिएको थियो। *रासस*

# तालाबन्दीपछि फोहर विसर्जनमा समस्या



कञ्चनपुर, भदौ ७

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ स्थित फोहरमैला व्यवस्थापन केन्द्रमा सामुदायिक वन उपभोक्ता समूहले तालाबन्दी गरेपछि नगरक्षेत्रको फोहर संकलन र विसर्जन कार्य पूर्णरूपमा अवरुद्ध भएको छ।

तीन दिनअघि श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहले ११ बुँदे सहमति कार्यान्वयनको माग गर्दै केन्द्रमा तालाबन्दी गरेपछि झलारी, वन समिति, कलुवापुरलगायतका बजार क्षेत्रमा फोहर थुप्रिँदै गएको छ। फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भएपनि संचालनमा नआउँदा नगरपालिकाले अस्थायीरूपमा सामुदायिक वनकै जग्गामा फोहर विसर्जन गर्दै आएको छ।

सामुदायिक वनका उपभोक्ताले अस्थायीरूपमा फोहर विसर्जन गर्दै आएको कार्यमा रोक लगाएपछि बजार क्षेत्रको फोहर सङ्कलन र विसर्जन हुन सकेको छैन। करिब रु ३० करोडभन्दा बढी लागतमा एसियाली विकास बैंक (एडीबी) को सहुलियत ऋण सहयोगमा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो।

फोहरमैला व्यवस्थापन केन्द्र आधुनिक प्रविधिसहित निर्माण गरिएको छ। प्राविधिक अध्ययनअनुसार यस केन्द्रले दैनिक छ टनसम्म फोहर व्यवस्थापन गर्ने क्षमता राख्छ भने करिब दुई दशकसम्म संचालन गर्नसक्ने अनुमान गरिएको छ।

सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अम्मरबहादुर ऐरका अनुसार केन्द्र निर्माणका क्रममा नगरपालिका र समूहबीच ११ बुँदे सहमति भएको थियो। त्यसअनुसार अन्य क्षेत्रको फोहर नल्याउने, आवासीय क्षेत्रमा मेसवायर जाली जडान गर्ने, प्रत्येक उपभोक्तालाई एलपी ग्यास उपलब्ध गराउने, वनहरा र सनवोरा नदीमा तटबन्ध निर्माण गर्ने, स्थानीयलाई रोजगारी दिनेलगायत प्रावधान राखिएका थिए।

यसबाहेक, आर्यघाट क्षेत्र व्यवस्थित गर्ने, डस्टबिनको व्यवस्था गर्ने, प्रभावित बस्तीमा सडक कालोपत्रे र बत्ती जडान गर्ने, सामुदायिक वनको सीमसार क्षेत्र संरक्षण गर्ने, स्वास्थ्य बीमा तथा निःशुल्क उपचारको सुविधा उपलब्ध गराउने, र समयावधि पूरा भएपछि जग्गा फिर्ता गर्ने प्रावधान पनि सम्झौतामा समावेश भएको थियो।

'सहमति भएको तीन वर्ष बितिसक्दा पनि नगरपालिकाले कुनै बुँदा कार्यान्वयन गरेको छैन', अध्यक्ष ऐरले भने, 'नगर कार्यपालिकाको १३५ औं बैठकले कार्यान्वयन गर्ने निर्णय गरे पनि अझै बेवास्ता गरिएको छ।'

सामुदायिक वन उपभोक्ता समूहका पूर्वसचिव दिलबहादुर साउदले तालाबन्दी गरे पनि नगरपालिकाले हालसम्म संवाद सुरु नगरेको र मौन बसेको बताएका छन्। 'हामीले बारम्बार सम्झौताका बुँदा कार्यान्वयन गर्न माग गरेका थियौं, तर नगरपालिका बेवास्ता गर्दै आएको छ', उनले भने, 'तत्काल सहमति कार्यान्वयन भएन भने संघर्षका थप कार्यक्रम सार्वजनिक गर्नेछौं।' रासस

# बाघको आक्रमणबाट सात बाख्रा मरे

अर्घाखाँची - अर्घाखाँचीको शितगङ्गा नगरपालिकामा बाघको आक्रमणबाट सात वटा बाख्रा मरेका छन् भने आठ वटा अझै हराइरहेका छन्। शितगंगा-१३ माझिफाँटस्थित हिमालयन बाख्रापालन तथा कृषि फार्मका १५ वटा बाख्रालाई बाघले आक्रमण गरेको हो।

फार्मका सञ्चालक घनश्याम अधिकारीका अनुसार बुधबार बाख्रा चराउन जंगल पठाउँदा ३० वटा बाख्रा हराएका थिए। 'तीमध्ये एउटा घाइते अवस्थामा भेटियो र १४ वटा सकुशल फार्ममा फर्किए। खोजी गर्दा सात बाख्रा मृत अवस्थामा भेट्यौँ। बाँकी आठ बाख्रा अझै हराइरहेका छन्,' अधिकारीले बताए। उनले हराएका बाख्रालाई पनि बाघले खाएको आशंका व्यक्त गरे। मृत बाख्रा देउराली-पारे सामुदायिक वन क्षेत्रमा भेटिएका थिए।

फार्मका अर्का सञ्चालक विष्णु पौडेलका अनुसार करिब दुई वर्षअघि १२ लाख रुपैयाँको लगानीमा संरचना निर्माण गरिएको हो। हालसम्म बाख्रासहित ब्रोइलर कुखुरा र बङ्गुर पालनमा गरी ३५ लाख रुपैयाँभन्दा बढी लगानी भएको छ। पौडेलका अनुसार गत जेठमा २५ सय ब्रोइलर कुखुरामध्ये १२ सय वटा एकै दिन मरेका थिए।

लगातारको क्षतिले फार्म सञ्चालक चिन्तित बनेका छन्। 'स्वदेशमै केही गर्ने सोचले पशुपन्छीपालन सुरु गरेका थियौं, तर परिणाम अपेक्षाअनुसार आएको छैन,' पौडेलले भने। *रासस*

# सवारी दुर्घटनामा श्रीमतीको मृत्यु, श्रीमान् घाइते

बागमती। पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौँडा उपमहानगरपालिका-९ पशुपतिनगरमा आज साँझ दुईवटा मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना हुँदा एकको मृत्यु र एक जना भाइते भएका छन्। रातोमाटेबाट हेटौँडातर्फ आउँदै गरेको बा प्र०२-०४५प ५५९७ नंको मोटरसाइकल र हेटौँडाबाट रातोमाटेतर्फ जाँदै गरेको बा प्र०३-००५प९०६९ नंको मोटरसाइकल एकापसमा ठोक्किएका थिए। बा प्र ०३-००५प ९०६९ नंको मोटरसाइकल ना७ख ५०१० नंको बसमा समेत ठोक्किएको थियो।

दुर्घटनामा प९०६९ नंको मोटरसाइकल पछाडि सवार पर्साको वीरगञ्ज-१३ मुर्ली निवासी ४३ वर्षीया कविता जोशी श्रेष्ठको र ४८ वर्षीय प्रवीण श्रेष्ठ घाइते भएका प्रहरीले जनाएको छ। दुवै जना श्रीमान् श्रीमतीको हुन्।

दुर्घटनामा परी गम्भीर कविताको हेटौँडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए। *रासस*

# सडक भासिँदा खाद्यान्न ढुवानी ठप्प

डम्मर बुढा मगर
बागलुङ

बागलुङको सबैभन्दा विकट मानिने निसेलढोरमा बर्खामा सडक संचालन नहुँदा खाद्यान्न ढुवानीमा समस्या भएको छ। जिल्लाको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङबाट सात वर्ष अगाडि सडक सञ्जालले जोडिए पनि बर्खाको समय गाडी नचल्दा ढुवानी र यात्रा गर्न समस्या भएको हो। एक दशक अगाडिसम्म निसेलढोरमा बर्खामा मात्र निसीबाट वस्तुभाउ लिएर स्थानीय बसोबास गर्ने गर्थे भने अहिले बाह्रै महिना स्थायी रूपमा बस्नेको संख्या बढेको छ।

अहिले बर्खामा तीन सय र हिउँदमा झण्डै एक सय ५० घरपरिवार निसेलढोरमा बसोबास गर्ने गर्छन्। आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनबाट मोटरबाटोले निसेलढोर जोडिएको थियो। निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोर पर्यटकीय हिसाबले निकै सम्भावना बोकेको भए पनि अप्ठ्यारो सडकका कारण पर्यटक फाट्टफुट्टमात्र पुग्ने गरेका छन्। बर्खामा यातायात संचालन नहुँदा हिउँदै खाद्यान्न जोहो गरेर राख्नुपर्ने अवस्था रहेको स्थानीय सम्झना विकले बताइन्।

ढोरपाटन नगरपालिका-९ को नवी, भुजी हुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दा माथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने उनको भनाइ छ। सडक खुलेको यतिका



वर्षसम्म सुधार गर्न नसक्दा यहाँका सयौं स्थानीयले बर्खामा सास्ती खेप्नुपरेको विकले गुनासो पोखे। गाडी नचल्दा बजारबाट सामान मान्छेले बोकेर ल्याउनुपर्ने बाध्यता रहेको उनले भनिन्।

विकले भन्छिन् 'बर्खा किन लाग्दो हो भन्ने हुन्छ, न गाडी चल्छन्, न घोडा खच्चड नै हिँड्न पाउँछन्। बजारबाट सामान ल्याएर उपभोग गर्न साह्रै समस्या छ, हाम्रो समस्या सरकारले सुन्दै सुनेन, यस्तो विकट ठाउँमा छौं। एक बोरा चामल ल्याउन दिनभर लाग्छ। गाउँमा कोही सिकिस्त बिरामी भए डोकामा बोकेर लैजानुपर्ने बाध्यता छ, यति सडक बने त सजिलो हुने थियो।'

निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या हुने गरेको स्थानीय कुले विक बताउँछन्। गाउँमा सडक आएपछि हिउँदमा मान्छेले र घोडाले बोकेरै सामान ढुवानी गर्नुपर्ने बाध्याता कम भएको भन्दै चार किलोमिटर सडक व्यवस्थित बनाउन सके बाह्रै महिना निसेलढोरमा गाडी चल्ने उनी बताउँछन्। असारदेखि कात्तिकसम्म सडक नचल्दा यहाँ उत्पादन भएको वस्तु कुहिने जोखिम रहेको विकको भनाइ छ।

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले यस वर्ष मसखोलाबाट निसेलढोरसम्मको चार किलोमिटर सडक स्तरोन्नतिका लागि सर्भे गरिसकेको जानकारी दिए।

गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु ७० लाखले सडक स्तरोन्नति गरी बाह्रै महिना यातायात संचालन हुने उनको भनाइ छ। सडकले निसेलढोरवासीको दैनिकीमा परिवर्तन ल्याएको भन्दै अब बर्खामा पनि समस्या नहुने अध्यक्ष घर्तीमगर बताउँछन्।

'निसेलढोर भौगोलिकरूपमा अलि पछाडि छ, तर पनि हामीले यसलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं, पहिले यहाँ सडक थिएन, पिउनेपानी थिएन, अहिले पानीको पनि सुविधा छ, सडक बर्खामा अलिकति संचालन हुनसकेको छैन', अध्यक्ष घर्तीमगरले भने, 'अब यसलाई व्यवस्थित गरेर बाह्रै महिना संचालन गर्छौं, त्यसपछि स्थानीयले यहाँको उत्पादनलाई सहज रूपमा बजार पठाउन सक्नेछन् भने यात्रा र ढुवानीका लागि सहज हुनेछ।' *रासस*

## सम्पादकीय

# शिक्षा विधेयकमा गडबडी नहोस्

*पञ्चायती व्यवस्थाले २०२८ सालमा नयाँ शिक्षा लागु गरेर बनाएको शिक्षा ऐन पाँच दशकदेखि कार्यान्वयनमा रहेको छ। राजनीतिक व्यवस्था परिवर्तन भए पनि शिक्षामा राज्यको कानूनी प्रावधान अद्यावधिक हुन ढिलाइ हुँदा विद्यालय शिक्षामा दलीय चलखेल हुँदै आएको आरोप छ। विद्यालय शिक्षामा आमूल परिवर्तन हुन नसक्नुमा यो पनि एउटा प्रमुख कारणमध्ये एक हो। राजतन्त्रको संरक्षणमा रहेको पञ्चायती व्यवस्थाबाट बहुदलीय प्रजातन्त्रमा छलाङ मार्दै त्यसभन्दा पनि अघि बढेर संघीय गणतन्त्रमा गइसकेको अवस्थामा ५४ वर्षअघि बनेको शिक्षा ऐनले परिवर्तित सन्दर्भलाई सम्बोधन गर्न नसक्ने प्रस्टै थियो। धेरै रस्साकस्सीबीच नयाँ विधेयकको तयारी थालियो जसले शिक्षा क्षेत्रको समग्र बेथितिलाई समूल अन्त्य गर्ने अपेक्षा छ। सोहीअनुरुप 'विद्यालय शिक्षा विधेयक, २०८०' हालै प्रतिनिधिसभाका शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट पारित भई संसद्मा पेस हुने तरखरमा छ। संसद्माथि जतिसक्दो चाँडो विधेयक टुंगोमा पुर्‍याउनु पर्ने दबाब छ। त्यसअघि संसद्ले गुणस्तरीय शिक्षाका लागि पनि सरोकारवालाहरूको आवाजलाई यथोचित सम्बोधन गर्नुपर्ने देखिएको छ।*

*शिक्षा समितिबाट पारित विधेयकलाई शिक्षकहरूले 'शिक्षा ऐन २०२८' भन्दा पनि प्रतिगामी भएको टिप्पणी गरेको सन्दर्भमा उनीहरूको उचित मागलाई सम्बोधन गरिनुपर्दछ। त्यस्तै, निजी विद्यालय सञ्चालकहरूले पनि विधेयकको विरोध गरेको अवस्थामा समस्याको चुरो कसरी फुकाउन सकिन्छ भन्नेमा संसद् गम्भीर हुनुपर्नेछ। फेरि पनि यो अपेक्षित गम्भीरताको वातावरण निर्माण गर्ने काममा सरकारको नेतृत्वदायी भूमिका आवश्यक देखिन्छ। नेपालको शिक्षाका धेरै समस्या छन्, तीनमध्ये मुख्य हो अत्यधिक राजनीतिकरण। राजनीतिक दलहरूले शिक्षकलाई आफ्नो मातहत राख्न चाहन्छन्, किनभने तीमार्फत आफ्नो दलगत स्वार्थ पूर्ति गर्ने उनीहरूको ध्याउन्न हुन्छ। जसले अन्ततः देशलाई हानि गर्छ भन्ने कुरा सबैले बुझेको यथार्थ हो, तर कसैले पनि यस बारेमा बोलेर अर्घेल्याइँ लिन नचाहेको अवस्था छ। शिक्षामा राजनीतिक प्रभाव विद्यमान हुनु भनेको त्यहाँभित्रका कमजोरी सुधार्ने भन्दा पनि ढाकछोप गर्ने प्रवृत्ति हुन्छ भन्ने २०४६ सालको बहुदलीय प्रजातन्त्र पुनर्बहालीपछि देशले भोग्दै आएको विडम्बना हो। जब राजनीतीकरण हुन्छ, तब पेसागत संगठन पार्टीगत संगठनको रूपमा चल्न थाल्छन्। त्यो रोक्न शिक्षकहरूलाई पेसाप्रति इमानदार बनाउने नीति, नियम, कानून बन्नपर्छ। हालको विधेयकले प्रधानाध्यापकलाई राजनीतिबाट अलग राख्ने प्रावधान राखेको छ, तर यो सँगै अर्को प्रश्न शिक्षकहरूचाहिँ राजनीतिमा सक्रिय हुने पाउने तर प्रधानाध्यापक भने राजनीतिमा लाग्न नहुनु मिल्दो हुने छैन। शिक्षा क्षेत्रलाई राजनीतिबाट मुक्त राख्ने कुरामा दलहरू धरमराउनु हुँदैन। यो दलहरूलाई देश बनाउन अवसर पनि हो।*

*साथै, शिक्षकहरूका उचित मागको सम्बोधन हुनुपर्नेमा दुईमत हुन सक्दैन। शिक्षा क्षेत्र राष्ट्रको प्राथमिकतामा छ भन्ने कुराको पुष्टि देशका अब्बल युवापुस्ता शिक्षण पेसामा आउन चाहन्छन् कि चाहँदैनन् भन्ने उत्तरले दिन्छ। अवस्था के छ भन्ने सबैले भोगी आएकै कुरा हो। हालैका विज्ञापनमा समेत शिक्षकको अभाव भएको देखिँदादेखिँदै पनि नियुक्ति नहुँदा कतिपय विद्यालयले दशौंपटक विज्ञापन गर्नुपरेको अवस्थाले मुख्यतः शिक्षण क्षेत्रमा प्रतिभा पलायनको खतरा देखिएको उसको भनाइ छ। राज्यले २० वर्षदेखि राहत र अस्थायीमा कार्यरत शिक्षकको आजीविकालाई एउटा टुंगोमा पुर्‍याउन सक्नुपर्छ। विद्यालय शिक्षाको आधार बालविकास सहजकर्ताको पेसागत स्थायित्वको सुनिश्चितता हुनुपर्छ। विद्यालय कर्मचारीका मागलाई पनि सँगसँगै सम्बोधन गर्नुपर्ने अवस्था छ। विधेयकले सरुवा व्यवस्थामा ल्याएको नयाँ प्रावधान पनि समस्याग्रस्त भएको सम्बद्धहरूले बताइरहेको अवस्था छ। विधेयकले छुटाउन नहुने पक्ष बालविकास शिक्षक र विद्यालय कर्मचारीको उचित सम्मान पनि हो। सरकारी विद्यालयमा विद्यार्थी संख्या कम हुँदै गएको, निजी विद्यालयको प्रभुत्व बढेको, सरकारी लगानी न्यून भएको, र शिक्षाको गुणस्तर घट्दै गएको अवस्थामा विधेयकले यी समस्याको उचित निकास दिन सक्नुपर्ने देखिन्छ।*

*विधेयकमाथि निर्णय दिने निकाय प्रतिनिधि सभाका सदस्यको स्वार्थले पनि शिक्षा विधेयकको भविष्य निर्धारण गर्नेछ। संविधान सभाको पहिलो र दोस्रो निर्वाचनमा निजी विद्यालयका सञ्चालकहरूले पार्टीलाई आर्थिक सहयोग गरेको आधारमा संविधान सभा सदस्यको भूमिका निर्वाह गर्न पाएको पुष्टि भएको थियो। हालको संसद्मा पनि कतिपय माननीय स्वयम् नाफामुखी निजी विद्यालयका सञ्चालक छन् र उनीहरू निजी विद्यालयलाई कसीकसाउ गर्ने प्रावधानको विपक्षामा देखिएका छन्। दल तथा नेताका आर्थिक दाताको भूमिकामा रहेका उनीहरूको स्वार्थ विपरीत जाने हिम्मत दलले गर्दैनन्। शिक्षामाथिको यो अर्को राजनीतिकरण हो, जसलाई यथोचित सम्बोधन गर्नुपर्ने दायित्व र अवसर पनि यो विधेयकले पाएको छ। स्मरण रहोस्, विश्वमा उत्कृष्ट शिक्षा प्रणाली रहेको फिनल्यान्डमा शिक्षा देशको पहिलो प्रामकितामा रहेको छ र त्यहाँ सबैभन्दा अब्बल विद्यार्थीले मात्र शिक्षक बन्ने अवसर पाउँछ र उसको सेवा सुविधा देशका अन्य पेशाकर्मीभन्दा उच्च छ।*

*कुनै बेला नेपालको जस्तै आर्थिक अवस्था रहेको दक्षिण कोरियोले फिनल्याण्डको शिक्षा पद्धतिलाई अवलम्बन गरेको थियो। जुन खाकालाई सिंगापुरले पनि अँगालेको थियो। आज कोरिया र सिंगापुरको विकास हामीलाई तिलस्मी कथा सरह लाग्छ। तर त्यो शिक्षाको जगमा उभिएको व्यवस्थित प्रयास थियो। हाम्रा दुई छिमेकी चीन र भारतको अनुभवले पनि देशको शिक्षा कस्तो शिक्षा हुनुपर्छ भन्ने दिशानिर्देश दिन्छ। गत पचास वर्षमा चीनले शिक्षामा लगानी बढाएको बढाइ गरेर आफूलाई विश्वको केन्द्र बनाएको छ भने अर्कोतिर भारतले शिक्षामा लगानी बढाउन नसक्दा अवसरहरू गुमाउँदै गएको छ। त्यसैले देश बनाउने आधार नै शिक्षा हो। त्यो आधार बनाउने ऐतिहासिक अवसरमा संसद् गम्भीर हुनुपर्छ। नाजयाज मागमा कसैका सामु झुक्नु हुँदैन भने जायज माग कसैगरी स्थापित गराउनै पर्छ।*

## जेन कथा

### थाहा

एक दिन च्वाङ त्जु र उनका एकजना साथी पोखरी किनारमा बसिरहेका थिए। च्वाङ त्जुले आफ्ना साथीलाई भने, 'माछाहरू पौडेको हेर त। तिनीहरू कति आनन्दित छन्।'

साथीले भने, 'तिमी त माछा हैनौ नि, अनि तिनीहरू आनन्दित छन् भनेर कसरी थाहा पायौ त ?'

'तिमी म त हैनौं नि,' च्वाङ त्जुले भने, 'उसो भए मैले माछाहरू आनन्दमा छैनन् भन्ने थाहा पाउँदिन भनेर कसरी थाहा पायौ ?'

***अच्युत कोइराला***

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ ।**

*–सम्पादक*

# मौन समाजमा विलुप्त विवेक



news24 दैनिक

**नरेन्द्रजंग पिटर**



**समाज मानिसहरूको भीडमात्र होइन, बरू विचार, मूल्य, स्मृति र विवेकको संयुक्त संरचना हो। तर जब समाज बोल्न छोड्छ, तब मानिस दासत्वमा डुब्छ। अनि सत्ता सर्वशक्तिमान् हुन्छ। आलोचना मृत्यु शय्यामा ढल्छ। युगको सबैभन्दा ठूलो त्रासदी नै यही हो। यो अवस्था आउनुको कारक विवेक र चेतना दुवैलाई मौन पार्ने अदृश्य व्यवस्था हो।**

कुनै पनि देशको आकृति र अवस्था विश्वले नियालिरहेको हुन्छ। कार्यकारी राष्ट्रप्रमुखलाई देशवासीले नायक मानेर पछ्याइरहेका हुन्छन्। उसको सकारात्मक वा नकारात्मक भूमिका नयाँ पुस्ताले नायक मान्नसक्ने क्षमताको हुनुपर्छ। चन्द्रशेखर उपाध्याय र रंगनाथ जोशीले गरेको सुगौली सन्धिको प्रभाव हामी आज पनि भोगिरहेकै छौं।

कार्यकारी राष्ट्रप्रमुखको भूमिकामा रहनुभएका हाम्रा प्रधानमन्त्रीको ठट्टा धेरै हुन्छ। ठट्टामा सत्यताभन्दा व्यंग्य अधिक हुन्छ। अहिलेका कार्यकर्ता र मतदाता फ्याक्ट-चेक गर्ने हैसियतमा एआई प्रयोगकर्ता भइसकेका छन्। यो बेला अंशमा टेकेर, मिथकलाई आधार बनाएर चिन्तनको संसारमा मनोरञ्जन गर्नु मनासिव हुँदैन। प्रधानमन्त्रीज्यू, तपाईं र म एउटै पुस्तका राजनीतिक सक्रियतावादी हौं। म तपाईंमाथि नै केन्द्रित भएर यस लेखमार्फत नेपाली समाजसँग संवाद गर्ने अनुमति चाहन्छु।

आज मिडियाले प्रश्न सोध्नेभन्दा भक्तिगान गाउने बानी बसेको छ। आलोचनात्मक चेतना गलेर कर्कलाको डाँठजस्तो भइसकेको छ। आलोचना त स्यालको सिङझैँ हराइसकेको छ। समाज र लोकतन्त्रको बल नागरिक चेतना, विवेक र प्रश्न सोध्ने क्षमतामा निर्भर हुन्छ। विवेकलाई जिवित गर्न नसके लोकतन्त्र केवल जयगानको मेला बन्नेछ र नागरिक केवल हुकुमदास।

यहाँले 'जिम्मेवारी उठाउन सक्ने युवा पुस्ता नै छैन' भन्नुभयो। के हाम्रो पुस्तापछि यो देशको जिम्मेवारी उठाउने कोही छैनन् त ? फ्रेन्च क्रान्तिपछि नेपोलियन सम्राट बने। संयोग थियो, फ्रेन्च क्रान्तिका नायक राब्सपियरे गिलेटिनमा चढे। लोकतान्त्रिक राजनीतिक संरचनामा पनि आलोचनालाई नष्ट गरिरहेको हुन्छ। समय फेरिन्छ, सत्य पनि त्यसै अनुरूप फेरिन्छन्। समाजशास्त्रीय मूल्यहरूले भक्ति र मौनतालाई प्राकृतिक बनाइरहेका हुन्छन्। मनोवैज्ञानिक डर र व्यक्तिगत स्वार्थले विवेक हराइरहेको हुन्छ।

समाज मानिसहरूको भीडमात्र होइन, बरु विचार, मूल्य, स्मृति र विवेकको संयुक्त संरचना हो। तर जब समाज बोल्न छोड्छ, तब मानिस दासत्वमा डुब्छ। अनि सत्ता सर्वशक्तिमान् हुन्छ। आलोचना मृत्यु शय्यामा ढल्छ। युगको सबैभन्दा ठूलो त्रासदी नै यही हो। यो अवस्था आउनुको कारक विवेक र चेतना दुवैलाई मौन पार्ने अदृश्य व्यवस्था हो। इतिहासमा देखिन्छ- जबजब समाज आफ्नो प्रश्न सोध्ने शक्ति गुमाउँछ, त्यतिबेला अधिनायकवाद र क्लेप्टोक्रेसी (चोरतन्त्र) फस्टाउँछ। प्रश्न नसोध्ने जनता, आफ्ना दोष स्वीकार नगर्ने नेतृत्व, र आलोचनाप्रति सहिष्णु नहुने सत्ता, यी तीनवटै पक्ष मिल्दा विद्रोह अपराध ठानिन्छ र मौनतालाई अनुशासन।

गफ, ठट्टा र भद्दा कटाक्षमा रमाउने संस्कृति विकास हुँदा चेतना भुत्तो हुन्छ। कार्यकर्ता अपराध देखेर आँखा चिम्लिन्छन्। बरु, जयगान गाउँछन्। नागरिकलाई दासमा रूपान्तरण गर्ने यो कुन तत्व हो भन्ने प्रश्न उठ्छ। आज हामी कतै त्यही युगको साक्षी त बनिरहेका छैनौं ? नयाँ प्रविधि, लोकतान्त्रिक भाष्य, संविधानका अनुच्छेद र अन्तर्राष्ट्रिय घोषणापत्रहरूले हामीलाई स्वतन्त्र र आधुनिक समाजको भ्रम दिन्छन्, तर वास्तविकता भिन्न छ।

मान्छे र पशुबीचको भिन्नता विवेक र आलोचनात्मक चेत हो। जब यही विवेक क्षय हुन्छ, मान्छे स्वतन्त्र नागरिक होइन, मालिकको आदेश पालना गर्ने दास बन्न पुग्छ तब के हुन्छ ? यसले आलोचनात्मक चेतनालाई बन्धक बनाउँदै मानिसले आत्मीयता र भक्तिभावका नाममा आफ्नो स्वतन्त्र सोच सुम्पिन्छ। तर फेरि प्रश्न उठ्छ- के यो स्थिति नियति हो ? के समाज अनन्तकालसम्म मौन रहन्छ ? इतिहासले देखाएको छ, विवेकलाई स्थायी रूपमा दबाउन कस्तै शक्तिशाली सत्ताले पनि सक्दैन। जस्तोसुकै शक्तिशाली अधिनायकवादमा पनि आखिर असन्तोषको गर्जन जन्मिन्छ। विवेक पुनर्जीवित हुन्छ, आलोचनाको पुनर्जन्म हुन्छ, र दासत्वलाई अस्वीकार गर्ने चेतना जागृत हुन्छ।

## प्रश्नका चिच्याहट

विवेक किन हरायो ? आलोचना किन शत्रु ठहरिन्छ ? दासत्व कसरी संस्कारमा फेरिन्छ ? के मौन समाज फेरि बोल्न थाल्नेछ ? प्रश्न अनगिन्ती छन्। मानवको आत्मा, विवेक र आलोचनात्मक चेत पनि स्वतन्त्र हुनुपर्छ। जब ती तत्त्व दबाइन्छन्, तब मानिस केवल आदेशपालक प्राणीमा फेरिन्छ। यही मानसिक र सामाजिक प्रक्रिया दासत्वको मनोविज्ञान हो।

लोकतन्त्रमा नागरिक भन्नाले स्वतन्त्र सोच, प्रश्न गर्ने क्षमता, र जिम्मेवारीसँग निर्णय गर्ने क्षमता हो। तर जब नागरिक सिद्धान्तहीनतामा प्रश्न उठाउँदैन र नेतृत्वको भजनमण्डलीमा फेरिन्छ, तब उसको परिचय 'आदेशपालक'मात्र हुन्छ। नेताको निर्देशनमा मात्र चल्ने कार्यकर्ता व्यवहारमा दासको अर्को रूप हो।

लोकतन्त्रको नाममा संसद्लाई संख्यात्मक बलको खेल बनाइन्छ भने संवैधानिक निकाय कब्जा हुन्छन्। राजनीतिक संरचनाले नै विवेकमाथि कुल्चन थाल्छ। हामीले बारम्बार देख्यौं- लोकतन्त्रका लागि सडकमा उत्रेका हजारौं युवाहरू सत्ता स्थापित भएपछि नेताको जयगान गाइरहेका छन्। आलोचना गर्ने साहस भएका नागरिक मौन रहेका छन् र कार्यकर्ताको चिन्तन दासत्वमा मात्र देखिएको छ। यही प्रक्रियाले आखिरमा समाजमा दास संस्कारको निर्माण गर्छ।

मानिसहरू परिवर्तनकालमा साहसी हुन्छन्, तर स्थायित्वमा डरपोक बन्छन्। सडकमा नारा चिच्याउने वा विद्रोहकालमा कात्रो बोकेर रणमैदानमा गर्जने योद्धा पनि सत्ता स्थापित भएपछि लाभहानिको हिसाब गर्न थाल्छन्। 'म बोल्दा मेरो रोजगारी गुम्छ', 'मेरो पहुँच हराउँछ' भन्ने डरले बाचालहरू मौनतामा बदलिन्छन्। यही मौनता शक्तिशालीहरूको ढाल बन्छ।

नेताहरू प्रायः आफूलाई 'राष्ट्रिय बा,' 'राष्ट्रिय आमा,' वा 'राष्ट्रिय भाउजू'का रूपमा प्रस्तुत गर्दैछन्। यसले एउटा दासताको भावनात्मक सञ्जाल बनाउँदैछ–जहाँ नागरिकले आलोचना गर्नु गलत ठान्छ, नेतालाई प्रश्न गर्नु गद्दारी ठान्छ। भावनात्मक दासत्व दिमागलाई बन्धक बनाएर विवेकलाई मृत्युतुल्य बनाउँछ। व्यक्ति आफूलाई स्वतन्त्र प्राणी नभई नेताको कृपामा निर्भर प्राणी ठान्छ। यही भावनात्मक नियन्त्रण नै मौन समाजको प्रमुख आधार हो।

जब शक्ति केन्द्र अजेय बनाइन्छ, त्यसमा प्रवेश गर्ने प्रयासकर्ताहरू थपडी मार्न, डिजिटल चाकरी गर्न, वा सामाजिक सञ्जालमा जयगान गाउन बाध्य हुन्छन्। प्रगतिको आधार र क्षमताको प्रतिस्पर्धा प्रशंसामा सीमित हुन्छ। यसलाई 'सुरक्षाको भ्रम' मानिन्छ। चाकरी गर्दा पुरस्कारको आशा, प्रश्न गर्दा डरले गर्दा मानिसको विवेक मर्दै जान्छ, र दास कार्यकर्ता जन्मिँदै जान्छन्।

इतिहासदेखि डिजिटल युगसम्म दासत्वका रूप फेरिए तापनि गुण उस्तै रह्यो। रोमन साम्राज्यमा दासहरूको शरीर बाँधिन्थ्यो, तर मन स्वतन्त्र नै हुन्थ्यो। मध्यकालीन युगमा दासत्वलाई ईश्वरीय नियम ठहराइयो। त्यसले मानसिक कब्जा सुनिश्चित गर्‍यो। दक्षिण एशियामा जातव्यवस्थाले दासत्वलाई संस्कृति र धर्मको नाममा विवेक कब्जा गर्‍यो। आजको डिजिटल युगमा शारीरिक दास कम भए पनि कार्यकर्ताको मानसिक दासत्वमा फसेका छन्। सामाजिक सञ्जाल, मिडिया प्रचार, र डिजिटल चाकरीले आलोचनात्मक चेत थिचिएको छ।

यसरी दासत्वको स्वरूप समयअनुसार फेरिँदै गए पनि विवेक त्यागेर मालिकप्रति अन्धभक्त हुने प्रवृत्ति फेरिएको छैन। सिद्धान्तको राजनीति सुविधाको राजनीतिमा फेरिएपछि राजनीति व्यवसाय बन्यो। विवेकको क्षयीकरण हुँदै गयो। समाजको विवेक, मूल्य र चेतनालाई दिशा दिने राजनीति अपराध, स्वार्थ र अधिनायकवादमा डुब्यो। अनि राजनीति केवल सत्ता कब्जा गर्ने खेलमात्र रह्यो। संसदीय लोकतन्त्रको आधार संसद् हो। तर हाम्रो संसद् संख्यात्मक जोगाडको खेल मात्र बनेको छ। बहुमतले ल्याएको निर्णय चाहे नैतिक होस् या नहोस्, त्यसलाई वैध ठानिन्छ। सांसदहरूले आफ्नै विवेक प्रयोग नगरी पार्टी ह्वीपअनुसार निर्णय गर्छन्। संसद्लाई विचारको ठाउँ होइन, संख्यात्मक बलको हतियार बनाइँदा नागरिकहरूको विवेक दबाइन्छ। संख्यात्मक बलको तानाशाही बनेपछि लोकतन्त्रको उपहास हुन्छ।

संवैधानिक निकाय नै कब्जामा परेपछि कार्यकारी मैमत्त हुन्छ। संविधानले स्थापित गरेका निकाय- अख्तियार, मानव अधिकार आयोग, लोकसेवा आयोग, न्याय परिषद् त सत्ता विस्तारका औजार बने। अख्तियार प्रमुख नै आरोपको घेरामा हुँदा पनि प्रश्न उठ्दैन, किनभने पार्टीभित्र आलोचना निषेध छ। यसले न्याय र कानूनप्रति नागरिकको विश्वास हराउँछ। न्यायालय सत्ताको आदेशपालक बन्यो भने ठूला मुद्दाहरू राजनीतिक दबाबमा निर्दोष ठहरिन्छन्। भ्रष्टाचारलाई कानूनी प्रक्रिया पूरा गरेरै वैध देखाइन्छ। अपराध 'ड्राइ-क्लिनिङ' भई वैध बन्छ। यसले नागरिकहरू मौन र कार्यकताहरू आदेशपालक बन्न बाध्य हुन्छन्। पार्टीभित्रको अधिनायकवाद बढ्दा विधानको औचित्य रहँदैन। विधान महाधिवेशन, महाधिवेशन भनेका नेताका मनोकांक्षा पूरा गर्ने थपडीथलोमा फेरिन्छन्। पार्टीभित्र नेता 'राजा' जस्ता हुँदा आलोचना गर्नु अपराध ठहरिन्छ। यस अवस्थामा सांसद, कार्यकर्ता र बुद्धिजीवी सबैको विवेक खोपीमा थन्क्याएर रोबोट बन्न पुग्छन्। तर यो अवस्था सधैं रहँदैन, भूमरी उठेर त्यो सब भत्काइदिन्छ।

किनभने मानव समाज केवल राजनीतिक संरचना र कानूनको संग्रह मात्र होइन, यो विश्वास, भावना, सामाजिक बन्धन र सांस्कृतिक प्रवृत्तिको जटिल जाल हो। तर भक्तिवाद र मानसिक कब्जा जनतालाई आलोचनात्मक सोचमा साङ्ला लगाइदिन्छ। नेता 'उद्धारकर्ता' वा 'अवतार'को रूपमा प्रस्तुत हुँदा आलोचना अपराध ठानिन्छ सामाजिक मूल्यहरू 'भक्ति संस्कृतिमा' आधारित भएमा समाज प्रश्न सोध्नेभन्दा 'जय-जय' गाउनेतिर जान्छ। मिडिया र बौद्धिकवर्गले यसलाई अझ मजबुत पार्छन्। आलोचना गर्ने आवाजलाई 'देशद्रोही' वा 'नकारात्मक सोच' भनेर खारेज गरिन्छ।

अन्त्यमा, के यो शक्तिको बीभत्स मनोवृत्ति र सत्ताको मनमौजीपन सधैं समाजले स्वीकारिरहन्छ ? स्वीकार्दैन। तब त चुनाव, विद्रोह वा क्रान्तिबाट छुटकारा पाइन्छ। त्यसका लागि इतिहासले दिएको तितो शिक्षा ग्रहण गर्न विवेक, चेतना र आलोचनात्मक क्षमता बढाउन आवश्यक छ। यसले मात्रै मौन समाजले बनाएको अधिनायकवाद फेर्न सक्छ। यसका लागि नागरिक शिक्षा र आलोचनात्मक सोचको प्रवर्द्धन; स्वतन्त्र मिडिया र विश्लेषणात्मक रिपोर्टिङ; पार्टी र राजनीतिक संरचनामा लोकतन्त्र सबलीकरण; सामाजिक जागरूकता अभियान चलाउनुपर्छ। प्रधानमन्त्रीज्यू आउनुस् बहस र भूमिकामा उत्रिऔं।

# नेपालमा साइकल सिटीको सम्भावना



news24 दैनिक

**शेखर लामिछाने**

नेपालका धेरै सहरलाई साइकल सिटीका रूपमा विकास गर्न सकिने सम्भावना छ। विशेषतः काठमाडौं उपत्यकाजस्तो भैगोलिक अवस्थाले अनुकूल ठाउँलाई साइकल सिटी बनाउन सकिन्छ। काठमाडौं उपत्यका समथर भएकाले र हावापानी पनि साइकलका उपयुक्त भएकाले यसतर्फ सोच्नुपर्ने देखिन्छ। यहाँ छोटो र मध्यम दूरीका यात्राका लागि साइकल ठिक हुनेछ। तर काठमाडौंको विद्यमान यातायात प्रणाली निजी मोटरसाइकल र सार्वजनिक गाडीमा आधारित हुनाले दिन-प्रतिदिन सडकमा ट्राफिक जामको समस्या बढ्दैछ।

सरकार र स्थानीय निकायहरूले साइकलका लागि साइकल लेन र अनुकूल संरचनागत सुधार गर्न पहल गरिरहेका छन्। साइकल सिटी बनाउन जनचेतना कार्यक्रमहरू पनि हुँदै आएका छन्। यसै मेसोमा भरतपुरलगायतका शहरमा साइकल सिटी बनाउन सडकमा साइकल लेन विस्तार गर्ने र विद्यालयका विद्यार्थीलाई साइकल वितरण गर्ने काम पनि भएका छन्। साइकल सिटी बनाउन चाहिने प्रावधान नीतिगत प्राथमिकतामा पार्नुपर्ने पहिलो काम हो भने साइकल मार्गहरू निर्माण गर्ने काम पनि सँगै लानुपर्छ। काठमाडौं उपत्यकाको हकमा भने पूर्व-पश्चिम र उत्तर-दक्षिण मार्ग विस्तार गरी साइकल मार्ग बनाउन जरुरी छ। यसले पार्ने सकारात्मक प्रभाव भनेको पर्यावरणीय प्रदूषण न्यून हुने, व्यक्तिको स्वास्थ्य सुधार हो। साथै, सार्वजनिक र निजी यातायातमा परेको दबाव कम गर्न पनि साइकल सिटी बनाउनुपर्ने हुन्छ। अर्कोतर्फ, साइकल चलाउन पनि निकै चुनौती छन्। जस्तै सडकको स्थिति, सडक नियमन अभाव, र मोटरहरूको चापका समस्यालाई सम्बोधन गर्नु आवश्यक छ।

काठमाडौं उपत्यकामा बढ्दो सवारी-साधनको चापले वातावरणीय प्रदूषण, ट्राफिक जाम, र जनस्वास्थ्यमा प्रतिकूल असर परेको हामी सबैलाई विदितै छ। यसर्थ, पनि काठमाडौं उपत्यकालाई साइकल सिटी बनाउने अवधारणा अत्यन्त सान्दर्भिक देखिन्छ। यो अवधारणाले वातावरण संरक्षण, जनस्वास्थ्यमा सुधार, र दिगो विकासलाई मूर्तरूप दिन सक्छ।

तर, सम्बोधन गर्नुपर्ने प्रश्न धेरै छन्। पहिला त चरणबद्ध योजना, नीति निर्माण, जनचेतना अभिवृद्धि, र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। साइकल सिटी बनाउने पहिलो र महत्त्वपूर्ण कदम भनेको उपत्यकाभरि सुरक्षित र सुविधाजनक साइकल लेनहरूको निर्माण गर्नु हो। प्रत्येक मुख्य सडकमा कम्तीमा एकतर्फी साइकल लेन बनाइनुपर्छ। फुटपाथ र गाडी लेनको बीचमा स्पष्टरूपमा साइकल लेनको चिह्न लगाउनुपर्छ। साथै, विद्यालय, कार्यालय, बजार, बसपार्क आदि सार्वजनिक स्थानहरूमा पर्याप्त साइकल पार्किङ स्थाल बनाउनुपर्छ। पहिलो चरणमा पुरानो बानेश्वर, ठमेल, असनजस्ता स्थानहरूलाई 'साइकलमैत्री क्षेत्र' घोषणा गरी त्यहाँ मोटर सवारीको पहुँचलाई सीमित बनाउनुपर्छ। काठमाडौं उपत्यकाभित्रै केही क्षेत्रहरूलाई 'नमूना साइकल सिटी' बनाई यसको व्यावहारिकता परीक्षण गर्न सकिन्छ। ललितपुरको पाटन क्षेत्र वा भक्तपुर दरबार क्षेत्रजस्ता स्थानमा साइकलमैत्री वातावरण निर्माण गरेर त्यसको असर मूल्यांकन गर्न सकिन्छ। सफल भएमा अन्य क्षेत्रहरूमा विस्तार गर्न सकिन्छ, र कमजोरीबाट पाठ लिन सकिन्छ।

साइकल सिटी बनाउन केवल पूर्वाधारमात्र पर्याप्त हुँदैन। त्यसको सफल कार्यान्वयनका लागि नीति, कानून, र सरकारी प्रतिबद्धता पनि आवश्यक हुन्छ। यातायात नीतिमा साइकल यातायातलाई प्राथमिकता दिइनुपर्छ। जस्तै, यातायात मन्त्रालयले साइकल प्रयोगमा कर छुट, र साइलसावरहरूको सुरक्षामा जोड दिने नियम ल्याउनुपर्छ। यसबाहेक साइकल किन्नेलाई अनुदान, कार्यालयहरूलाई 'साइकल टू वर्क' कार्यक्रम ल्याउने, र विद्यालयस्तरबाटै साइकल प्रयोगको बानी लगाउनुपर्छ। सडकमा साइकल यात्रीमाथि हुने दुर्व्यवहार, असावधानीपूर्ण ड्राइभिङ वा दुर्घटनाका घटनामा कडा कानूनी कारबाहीको व्यवस्था गर्नुपर्छ। साइकल प्रयोगको संस्कृति बसाउँदै सोच र व्यवहारको रूपान्तरण चेतना अभिवृतिलाई पनि जोड दिनुपर्नेछ। यसको लागि वार्षिक साइकल महोत्सव, साइक्लोथन, वा साइकल र्‍याली आयोजना गरी जनसमुदायलाई साइकलप्रति आकर्षित गर्न सकिन्छ। विद्यालय-कलेजमा साइकल प्रयोगलाई प्रोत्साहन दिन 'साइकल डे' वा 'नो मोटर डे' मनाउने परिपाटी सुरु गर्न सकिन्छ।

साइकलको प्रयोगले वातावरण र स्वास्थ्य दुवैमा सुधार ल्याउँछ भन्ने कुरा तथ्यमा आधारित छ। यस्तो लाभलाई जनसमक्ष प्रस्तुत गरेर साइकल अभियानलाई सहज बनाउन सकिन्छ। काठमाडौंमा प्रदूषणको मुख्य कारण मोटर गाडी नै हो। यदि केही प्रतिशत मानिसले मात्र साइकल प्रयोग गर्न थाले भने पनि वायु प्रदूषणमा उल्लेखनीय कमी आउन सक्छ। व्यक्तिगत दृष्टिले साइकल चलाउनु भनेको शारीरिक व्यायाम हो। यसले जसले मुटु, मांसपेशी र मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ भने दीर्घरोगहरूको सम्भावना घटाउँछ।

काठमाडौं उपत्यकालाई साइकल सिटी बनाउने सपना केवल आदर्शमात्र होइन। यसलाई आवश्यकताका रूपमा हेर्न थालिएको छ। जलवायु परिवर्तन, ऊर्जा संकट, ट्राफिक समस्या, र जनस्वास्थ्यका चुनौतीहरूसँग जुझ्नका लागि यो सपना अब नीतिमा मात्र होइन, व्यवहारमा लागु गर्नुपर्ने समय आएको छ। सरकारले नीतिगत समर्थन, नगरपालिकाले पूर्वाधार विकास, र नागरिकले मानसिकता परिवर्तन गर्न सक्दा यसलाई साकार पार्न नसकिने कुरा छैन। किनभने साइकल केवल साधन मात्र होइन, दिगो भविष्यतर्फको यात्रा पनि हो। तसर्थ, साइकललाई विकल्प नभई प्राथमिकताका रूपमा स्वीकार गर्ने बेला भएको छ।

# गाजामा मारिएकामध्ये ८३ प्रतिशत निर्दोष

**एजेन्सी, भदौ ७**

इजरायली सेनाले गाजा क्षेत्रमा गरेको आक्रमणमा मारिने व्यक्तिहरूमध्ये करिब ८३ प्रतिशत निर्दोष सर्वसाधारण रहेको खुलासा भएको छ । बेलायती पत्रिका द गार्जियन, इजरायली अनुसन्धान म्यागेजिन +९७२ र स्थानीय संस्था लोकल कलले संयुक्तरूपमा प्रकाशित गरेको विशेष रिपोर्टअनुसार सन् २०२३ को अक्टोबरदेखि २०२५ को मे महिनासम्म इजरायली आक्रमणमा झन्डै ६५ हजार प्यालेस्टिनीको ज्यान गएको छ। तीमध्ये करिब ८ हजार नौ सय मात्र हमास वा अन्य सशस्त्र समूहसँग आबद्ध लडाकु थिए भने बाँकी सबै सर्वसाधारण थिए। रिपोर्टले मृतकमध्ये झन्डै ४० प्रतिशत बालबालिका रहेको उल्लेख गरेको छ ।



उक्त विवरण इजरायली सैन्य गुप्तचर विभागको आन्तरिक वर्गीकृत दस्तावेजमा आधारित छ। जसलाई इजरायली सेना स्वयंले खण्डन गर्न सकेको छैन। रिपोर्टअनुसार युद्धको प्रारम्भदेखि हालसम्म इजरायली आक्रमणमा मर्नेहरूमध्ये लडाकुहरूको हिस्सा १७ प्रतिशतमात्र हो । बाँकी ८३ प्रतिशत सर्वसाधारण हुन् । यस्तो अनुपात आधुनिक युद्धमा दुर्लभ मानिन्छ। मानव अधिकार समूहहरू र अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरूले गाजाको अवस्थालाई 'मानवीय संकट' भन्दै चिन्ता व्यक्त गरेका छन्। यस्ता घटनाहरू रुवान्डा (१९९४), स्रेब्रेनेत्सा (१९९५) र युक्रेनको मारियुपोल (२०२२) मा मात्र देखिएका थिए। अनुसन्धानकर्ताहरूका अनुसार रुवान्डा, स्रेब्रेनेत्सा र युक्रेनको मारियुपोल पछिको सबैभन्दा भयावह मानवीय संकट गाजामा देखिएको हो ।

इजरायलको च्यानल १२ मा लिक भएको एउटा अडिओमा, इजरायली सैन्य गुप्तचर विभागका पूर्व प्रमुख अहारोन हालवाले गाजामा मरेका ५० हजार व्यक्तिको तथ्य भावी पुस्ताले जान्नुपर्ने बताएका छन्। अडिओमा उनले भनेका छन्, 'हाम्रो एकजनाको सट्टा उनीहरूको ५० जना मर्नुपर्छ... बेला-बेला उनीहरूलाई 'नाक्बा' चाहिन्छ ।'

यहाँ प्रयोग भएको नाक्बा शब्द सन् १९४८ मा इजरायलको निर्माणका क्रममा लाखौं प्यालेस्टिनीहरूलाई विस्थापित गरिएको घटनालाई जनाउँछ। जसमा हजारौंको हत्या र जातीय सफाया गरिएको थियो। अहारोनको भनाइले इजरायली नेतृत्वको मनोवृत्तिलाई झल्काउने र आक्रमणको वास्तविक उद्देश्यप्रति गम्भीर प्रश्न खडा गरेको भन्दै अन्तर्राष्ट्रिय समुदायमा आलोचना भइरहेको छ।

अन्तर्राष्ट्रिय आपराधिक अदालत (आईसीसी) ले गाजामा युद्ध अपराध र मानवताविरुद्ध अपराधको अभियोगमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहू र तत्कालीन रक्षामन्त्री योआव गालान्टविरुद्ध गिरफ्तार पुर्जीसमेत जारी गरिसकेको छ। सन् २०२३ को अक्टोबरदेखि सन् २०२४ को मेसम्म भएका घटनालाई आधार मानेर उक्त पुर्जी जारी गरिएको हो।

यसैबीच, गाजामा खाद्यान्न संकट चरम सीमामा पुगेको पुष्टि गर्दै संयुक्त राष्ट्रसंघले गाजा क्षेत्रमा औपचारिक रूपमा 'अनिकाल'को घोषणा गरेको छ। यो घोषणा संयुक्त राष्ट्रसंघको खाद्य सुरक्षासम्बन्धी निगरानी संयन्त्र -आईपीसी) को प्रतिवेदनमा आधारित छ। जसअनुसार करिब पाँच लाख मानिस भोकमरीको 'विनाशकारी' अवस्थाबाट गुज्रिरहेका छन्। रिपोर्टका अनुसार गाजाका करिब २० प्रतिशत घरधुरीमा खाद्यान्नको पूर्ण अभाव छ। पाँच वर्षमुनिका ३० प्रतिशत बालबालिका कुपोषित छन् भने हरेक १० हजार व्यक्तिमध्ये कम्तीमा दुई जनाको मृत्यु दैनिक भोक वा कुपोषणका कारण भइरहेको छ। यसलाई मध्यपूर्वमा अहिलेसम्मकै पहिलो 'अनिकाल' घोषणा मानिएको छ।

संयुक्त राष्ट्रसंघका अधिकारीहरूले इजरायलमाथि गाजामा मानवीय सहायता प्रवाहमा सुनियोजित अवरोध गरिरहेको आरोप लगाएका छन्। आवश्यक औषधि, खाद्यान्न र पानी ढुवानीमा इजरायली सेना निरन्तर बाधा पुऱ्याइएको छ। तर, इजरायली विदेश मन्त्रालयले गाजामा अनिकाल परेको दाबीलाई अस्वीकार गर्दै यसलाई 'हमासको झुटमा आधारित प्रचार' बताएको छ। उसले भनेको छ, 'गाजामा कुनै अनिकाल छैन। यस्ता दावीहरू निहित स्वार्थका समूहहरूको हल्ला हुन् ।'

गाजामा जारी मानवीय संकट, अनिकाल र निर्दोष नागरिकको हत्याले यो द्वन्द्वलाई अब केवल राजनीतिक वा सैन्य होइन। चरम नैतिक र मानवतावादी संकटका रूपमा प्रस्तुत गरिरहेको छ। यस रिपोर्टले पनि गाजामा इजरायलको कारबाही केवल हमासविरुद्धको सैन्य कारबाही नभएर ठूलो संख्यामा निर्दोष नागरिक लक्षित भएको पुष्टि गरेको हुन्छ। बालबालिका, महिला, वृद्धलगायत निर्दोष सर्वसाधारणमाथि भएको आक्रमणले यो युद्धलाई जातीय संहारको रूपमा परिभाषित गर्ने आधारहरू बलियो बनाउँदै लगेको देखिन्छ।

मानवअधिकारवादीहरू र विभिन्न राष्ट्रसंघीय निकायहरूले तत्काल युद्धविराम र मानवीय सहायता पुऱ्याउन आग्रह गरेका छन्। अहिलेसम्म युद्ध रोक्ने संकेत देखिएको छैन।




**अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वासिंगटनस्थित ह्वाइट हाउसको ओभलमा शुक्रबार आयोजित कार्यक्रममा फीफा विश्वकप विजेताको ट्रफी समातेर सुमसुम्याउँदै ।** *तस्बिर : जैकलिन मार्टिन/एपी)*

# लडाकु विमानका इन्जिन भारतमै बन्ने

**एजेन्सी, भदौ ७**

भारतले लडाकु विमानका इन्जिन निर्माण गर्ने तयारी थालेको छ। रक्षा मन्त्री राजनाथ सिंहले शुक्रबार नयाँ दिल्लीमा आयोजित एक सम्मेलनमा बोल्दै भारत सरकार फ्रान्सेली कम्पनीसँग सहकार्यमा निर्माण गर्ने जानकारी दिएका हुन् ।



लडाकु विमानको इन्जिन विकास तथा उत्पादन गर्ने यो योजना भारतको आत्मनिर्भर रक्षा क्षमतातर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

'हामी भारतमै लडाकु विमानका इन्जिन उत्पादन गर्न अगाडि बढिरहेका छौं,' मन्त्री सिंहले भने, 'यसका लागि फ्रान्सेली कम्पनीसँग सहकार्य भइरहेको छ।' यद्यपि उनले कम्पनीको नाम खुलाएका छैनन्। भारतीय सञ्चारमाध्यमहरूले यो कम्पनी फ्रान्सको प्रमुख एयरोस्पेस तथा रक्षा कम्पनी सफ्रान भएको उल्लेख गरेका छन्। सफ्रान कम्पनी विगत केही वर्षदेखि भारतसँग विभिन्न परियोजनामा सहकार्य गर्दै आएको छ।

भारतले यसअघि गत मे महिनामा पाँचौं पुस्ताको लडाकु विमान एडभान्स्ड मिडियम कम्ब्याट एयरक्राफ्टको प्रोटोटाइप स्वीकृत गरिसकेको छ। रक्षा मन्त्री सिंहले यसलाई 'आत्मनिर्भर भारत अभियानअन्तर्गतको ऐतिहासिक उपलब्धि' भनेर उल्लेख गरेका थिए।

दक्षिण एसियाको प्रमुख शक्ति राष्ट्र भारत विश्वका ठूलो हतियार आयातकर्तामध्ये एक हो। तर पछिल्ला केही वर्षदेखि उसले रक्षा क्षेत्रमा आयातमा निर्भरता घटाएर स्वदेशीकरणमा जोड दिँदै आएको छ। सैन्य आधुनिकीकरण र घरेलु रक्षा उत्पादनमा प्राथमिकता दिइरहेको भारतले स्वदेशमै हेलिकप्टर कारखाना स्थापना, स्वदेशी विमानवाहक युद्धपोत, पनडुब्बी तथा युद्धपोत निर्माण सम्पन्न गरिसकेको छ। यस्तै, लामो दूरीको हाइपरसोनिक मिसाइल परीक्षण पनि सफलतापूर्वक सम्पन्न भइसकेको छ।

रक्षा मन्त्री सिंहले सन् २०३३ भित्र कम्तीमा १०० अर्ब अमेरिकी डलर बराबरको स्वदेशी रक्षा सामग्री खरिदसम्बन्धी सम्झौता गरिने वाचा गरेका छन्। यो प्रतिबद्धता भारतीय रक्षा उद्योगका लागि ठूलो अवसरका रूपमा लिइएको छ।

भारत पछिल्ला वर्षहरूमा अमेरिका, जापान र अष्ट्रेलियासँग मिलेर बनेको क्वाड गठबन्धनमार्फत पश्चिमी मुलुकहरूसँगको सैन्य सम्बन्ध बलियो बनाउँदै आएको छ। यसै वर्षको अप्रिलमा भारतले फ्रान्सको दुसात एभिएसनसँग २६ वटा रफाल लडाकु विमान खरिद गर्न अर्बौं डलरको सम्झौता गरेको थियो। ती विमानहरू भारतीय नौसेनाको लागि तोकिएको र रुसी मिग-२९केलाई प्रतिस्थापन गर्ने बताएको थियो।

भारतको सुरक्षा रणनीतिमा पाकिस्तान मुख्य चुनौतीका रूपमा रहँदै आएको छ। मे महिनामा भारत-पाकिस्तान सीमामा १९९९ को कारगिल युद्ध यताकै सबैभन्दा तनावपूर्ण चारदिने सैन्य झडप भएको थियो। लडाकु विमान इन्जिनको स्वदेशी उत्पादनले भारतलाई दीर्घकालीन रणनीतिक आत्मनिर्भरता प्रदान गर्ने र विदेशी आयातमा निर्भरता घटाउने विश्वास गरिएको छ।

# 'रूस-अमेरिका सम्बन्धमा आशाको संकेत'

**एजेन्सी, भदौ ७**

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको हालैको भेटपछि रुस-अमेरिका सम्बन्धमा सुधारको आशा देखिएको बताएका छन्। उनले दुवै देशबीच सम्बन्ध विगतका वर्षहरूमा निकै खराब भएको स्वीकार गर्दै अहिले आशाको किरण देखिएको टिप्पणी गरेका हुन् ।



रुसको आणविक उद्योगको ८०औं वार्षिकोत्सवको अवसरमा निज्नी नोभगोरोदस्थित सारोभ शहरमा आयोजित एक कार्यक्रममा बोल्दै राष्ट्रपति पुटिनले ट्रम्पसँगको संवादपछि द्विपक्षीय सहकार्यको सम्भावना बढेको जनाए। 'अमेरिकासँगको हाम्रो सम्बन्ध धेरै खराब छ, मैले यो कुरा पहिलेदेखि नै भन्दै आएको छु। तर अहिले केही सकारात्मक संकेत देखिन थालेका छन्,' उनले भने ।

अमेरिका र रुसले आर्कटिक र अलास्कामा विभिन्न परियोजनामा मिलेर काम गर्ने सम्भावनाहरूको खोजी गरिरहेको पुटिनले बताए। यो सन्दर्भमा उनले सार्वभौमिकताको विषयमा पनि टिप्पणी गर्दै भने, 'यस्ता देशहरू छन् जो सार्वभौमिकताबिना पनि अस्तित्वमा छन्। तर रुसले आफ्नो सार्वभौमिकतामा कहिल्यै सम्झौता गर्नेछैन। यदि हामीले यसमा पछाडि हट्यौं भने हाम्रो राज्यको वर्तमान स्वरूप नै समाप्त हुनेछ।'

कार्यक्रममा उनले रुसको आणविक सुरक्षामा योगदान दिने वैज्ञानिकहरूको प्रशंसा गर्दै आणविक प्रविधि राष्ट्रका लागि 'अत्यन्तै महत्त्वपूर्ण क्षेत्र' भएको बताए। साथै उनले देशका लागि अर्को ठूलो चुनौती कृत्रिम बौद्धिकता (एआई) रहेको उल्लेख गर्दै, 'हामीले एआई प्रविधिमा अग्रणी बन्नेतर्फ गम्भीर तयारी गर्नुपर्छ,' भने। यसैबीच, पुटिनले यसअघि १५ अगस्टमा अलास्कामा सम्पन्न शिखर सम्मेलनपछि डोनाल्ड ट्रम्पको त्यो भनाइलाई समर्थन गरेका थिए। त्यहाँ ट्रम्पले भनेका थिए, 'यदि म (ट्रम्प) ह्वाइट हाउसमा भएको भए रुस-युक्रेन युद्ध सुरु हुने थिएन।'

शिखर सम्मेलनमा दुई नेताबीच भएको छलफल सकारात्मक भएको बताइएको छ। ट्रम्पले बैठकपछि सञ्चारमाध्यमहरूसँग वार्ताबाट आफू सन्तुष्ट भएको जनाएका थिए। स्रोतहरूका अनुसार पुटिनले बैठकअघि आफ्ना निकट सहयोगीहरूलाई ट्रम्प रुस-युक्रेन युद्ध अन्त्य गर्न गम्भीर रहेको र मिलेर काम गर्न सकिने बताएका थिए। यो हप्ताको सुरुवातमा ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र केही युरोपेली नेताहरूसँग ह्वाइट हाउसमा भेट गरेका छन्। जेलेन्स्कीले पनि युक्रेन युद्ध अन्त्यका लागि रुसी राष्ट्रपति पुटिनसँग त्रिपक्षीय वार्तामा सहभागी हुन आफू तयार रहेको बताएका छन्।

अमेरिकी राष्ट्रपति ट्रम्पले शुक्रवार एक वक्तव्य जारी गर्दै युक्रेन युद्ध अन्त्यको लागि शान्ति प्रक्रिया अघि बढाउन अबको दुई हप्ताभित्र महत्त्वपूर्ण निर्णय हुने बताएका छन्। विश्लेषकहरूका अनुसार यो कूटनीतिक सक्रियता २०२४ मा हुने अमेरिकी चुनावको सन्दर्भमा पनि निकै महत्त्वपूर्ण छ। यदि ट्रम्प पुनः सत्तामा फर्किए भने रुस-अमेरिका सम्बन्धमा नयाँ मोड आउने संकेत देखिएको छ।

# हजारौं अफगानी शरणार्थी स्वदेश फर्किए

**एजेन्सी, भदौ ७**

अफगान शरणार्थी समस्या समाधानका लागि गठित उच्च आयोगका अनुसार पछिल्लो दिनमात्रै छिमेकी मुलुक इरान र पाकिस्तानबाट एक हजार छ सय ९३ अफगान शरणार्थी परिवार (जम्मा ६ हजार २०२ जना) स्वदेश फर्किएका छन् ।



शरणार्थीहरू अफगानिस्तानका विभिन्न सीमा नाकाबाट प्रवेश गरेका हुन्। उनीहरू हेरात प्रान्तस्थित इस्लाम कला नाका, ननगहारको तोर्खम नाका, कन्धारको स्पिन बोल्दक तथा निमरोज प्रान्तको अब्रीशम नाकामार्फत अफगान भूमिमा प्रवेश गरेका हुन् ।

युनिसेफका अनुसार, सन् २०२५ को सुरुदेखि अगस्ट महिनासम्म करिब २० लाखभन्दा बढी अफगान नागरिक इरान, पाकिस्तान तथा अन्य मुलुकहरूबाट फर्किसकेका छन्। अधिकांशको घरफिर्ती स्वैच्छिक तथा केही परिस्थितिजन्य दबाबका कारण भएको बताइएको छ।

अफगानिस्तानको शरणार्थी तथा पुनःस्थापना मन्त्रालयले हाल करिब ६० लाख अफगान नागरिक विदेशमा शरणार्थीका रूपमा बसोबास गरिरहेको जनाएको छ। तीमध्ये अधिकांश अवैध रूपमा इरान र पाकिस्तानमा रहेको उल्लेख गरिएको छ। विशेषज्ञहरूले यो संख्या बढ्दै गएसँगै पुनःस्थापना, रोजगारी, शिक्षा, आवास तथा स्वास्थ्य सेवामा थप चुनौती सिर्जना हुने औंल्याएका छन्। अफगान सरकार र अन्तर्राष्ट्रिय निकायहरूबीच घरफिर्ती भएकाहरूको पुनःस्थापनाका लागि समन्वय भइरहेको जनाइएको छ।

# दुर्लभ नक्सा र दस्तावेज पुनःस्थापना गरिँदै

**एजेन्सी, भदौ ७**

भारतको राजधानी नयाँ दिल्लीमा रहेका संरक्षण विज्ञहरूले ऐतिहासिक दस्तावेज र कलाकृतिहरूलाई पुनःस्थापना गर्दै शहरको प्राचीनतालाई पुनःस्थापना गर्ने प्रयास गरिरहेका छन्। जलवायु-नियन्त्रित कोठामा सावधानीपूर्वक भइरहेको यस कार्यले दिल्लीको हजारौं वर्षको इतिहास जोड्न मद्दत गरिरहेको छ।

इन्दिरा गान्धी नेसनल सेन्टर फर द आर्ट्सका विशेषज्ञहरू पुराना नक्सा, बिग्रिएका तस्वीर र दस्तावेजहरूलाई पुनर्जीवित गर्दैछन्। यी सामग्रीहरूले हाल करिब ३ करोड जनसंख्या भएको महानगरको विकासक्रम, बसोबासको स्वरूप र सांस्कृतिक धरोहरलाई गहिरो गरी बुझ्न सघाउँछन्।

संरक्षण प्रयोगशालाका प्रमुख अचल पाण्ड्याका भन्छन्, 'हामी इतिहासको स्मृति जोगाइरहेका छौं। जुन देशसँग स्मृति हुँदैन, त्यो देशको कुनै अर्थ हुँदैन।'

पुनःस्थापनामा सबैभन्दा मूल्यवान सामग्रीमध्ये विल्सन सर्वेक्षण नक्सा पर्दछन्। सन् १९१०-१९१२ मा एक ब्रिटिश अधिकारीले तयार पारेको करिब २५० कागजातहरूको यो संग्रह दिल्लीको ऐतिहासिक स्वरूप, विशेष गरी १७औं शताब्दीमा मुगल सम्राट शाहजहाँले स्थापना गरेको शाहजहाँनावाद क्षेत्रमाथि केन्द्रित छ। यी नक्सामा त्यतिबेला को कहाँ बस्थे ?

कुन बस्तीमा के थियो ? भन्ने विस्तृत विवरण समेत समेटिएको छ। नयाँदिल्ली नगर परिषद् को सम्पदा पुनःस्थापना टोलीका सञ्जीवकुमार सिंह भन्छन्, 'यी नक्सा हेर्दा केवल भौगोलिक जानकारीमात्र होइन, त्यसबेलाका मानिसहरूको जीवनशैली, सामाजिक स्वरूप र इतिहास पनि बुझ्न सकिन्छ।'

दशकौंदेखि यी कागजातहरू अपेक्षित थिए र अत्यन्तै नाजुक अवस्थामा थिए।

दिल्लीको गर्मी, चिसो, आर्द्रता र विश्वकै सबैभन्दा खराब वायु प्रदूषणले ती कागजात झनै बिग्रिएका थिए। विशेषज्ञहरू भन्छन्, यदि सन् २०२२ मा संरक्षणको काम सुरु भएको नहुँदो हो त आज ती दस्तावेज टुक्रिन सक्ने अवस्थामा पुगिसकेका हुन्थे।

सञ्जीव कुमार सिंह भन्छन्, 'यी कागजातको महत्त्व भेन्टिलेटरमा रहेको बिरामीलाई अक्सिजन जत्तिकै छ।'

# बिहारमा ट्रक-अटोरिक्सा ठोक्किँदा १० जनाको मृत्यु

**एजेन्सी, भदौ ७**

भारतको पूर्वी राज्य बिहारमा शनिबार बिहान भएको एक सडक दुर्घटनामा कम्तीमा १० जनाको मृत्यु भएको छ भने तीन जना गम्भीर घाइते भएका छन्। राजधानी पटनाको दनियावन-हिल्सा राजमार्गमा ट्रक र अटोरिक्सा एकआपसमा ठोक्किँदा उक्त दुर्घटना भएको हो ।



प्रहरीका अनुसार विपरीत दिशाबाट आइरहेको ट्रकले अटोरिक्सालाई ठक्कर दिएको थियो। घटनास्थलमै सात जनाको मृत्यु भएको र थप तीन जनाको अस्पतालमा उपचारका क्रममा ज्यान गएको जनाइएको छ। मृतकमध्ये नौ जना महिला र एक अटोरिक्सा चालक रहेका छन् । दुर्घटनामा अटोरिक्सा पूर्ण रूपमा क्षतिग्रस्त भएको छ भने तीन जना गम्भीर घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

प्रहरीले ट्रक चालकको लापरबाहीका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान गरेको छ। दुर्घटनापछि चालक फरार भएका छन् र उनको खोजीका लागि प्रहरी टोली परिचालन गरिएको छ। दुर्घटनाबारे थप अनुसन्धान गर्न मुद्दा दर्ता गरिएको छ । स्थानीय प्रशासनले मृतक परिवारप्रति समवेदना व्यक्त गर्दै पीडितलाई आवश्यक सहायता उपलब्ध गराउने आश्वासन दिएको छ।

# जापान-कोरियाबीच सुरक्षा र आर्थिक सहकार्य गर्न सहमत

**एजेन्सी**, भदौ ७

जापानी प्रधानमन्त्री शिगेरु इशिबा र दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युंगले शनिबार एक उच्चस्तरीय बैठकमा दुबै देशबीच सुरक्षा तथा आर्थिक सहकार्यलाई थप सुदृढ बनाउने सहमति जनाएका छन्। यो भेटवार्ता राष्ट्रपति लीको सोमबार हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको निर्धारित शिखर वार्ताभन्दा केही दिनअघि सम्पन्न भएको हो ।



दक्षिण कोरियाका राष्ट्रपतिमा निर्वाचित भएपछि पहिलो पटक जापानको आधिकारिक भ्रमणमा रहेका लीले टोकियोस्थित प्रधानमन्त्रीको निवासमा इशिबासँग भेट गरेका थिए। सो भेटमा उनीहरूबीच द्विपक्षीय सम्बन्ध, त्रिपक्षीय सुरक्षा सहकार्य तथा आर्थिक विषयहरूमा छलफल भएको थियो। दुवै नेताले आफ्नो पूर्ववर्तीहरूले हस्ताक्षर गरेको जापान-दक्षिण कोरिया-संयुक्त राज्य अमेरिका त्रिपक्षीय सुरक्षा सम्झौताको पुनः पुष्टि गरेका छन्।

प्रधानमन्त्री इशिबाले संयुक्त पत्रकार सम्मेलनमा भने, 'जसरी हाम्रो क्षेत्रीय रणनीतिक वातावरण झनै चुनौतीपूर्ण हुँदै गइरहेको छ, त्यसरी नै हाम्रो आपसी सम्बन्ध र अमेरिका सहितको त्रिपक्षीय सहकार्यको महत्त्व अझ बढिरहेको छ।'

बैठकमा दुवै नेताले 'शटल कूटनीति' (दुवै देशका नेताहरूबीच नियमित भ्रमण आदान-प्रदान) पुनः सुरु गर्ने, युवा आदान-प्रदानजस्ता कार्यक्रम विस्तार गर्ने, रक्षा, आर्थिक सुरक्षा, कृत्रिम बौद्धिकता (एआई) लगायतका क्षेत्रमा सहकार्य बढाउने निर्णय गरेका छन्। उत्तर कोरियाका आणविक तथा मिसाइल गतिविधिका विरुद्ध थप समन्वय गर्ने प्रतिबद्धता पनि उनीहरूले व्यक्त गरिएका छन्।

पछिल्लो समय कोरियाली राष्ट्रपति युन सुक योललाई मार्शल लको घोषणा गरेको अभियोगमा महाभियोग लगाएर पदच्युत गरिएपछि राष्ट्रपति लीको आकस्मिक विजयले जापानमा दक्षिण कोरियासँगको सम्बन्ध फेरि चिसिन सक्छ कि भन्ने चिन्ता पैदा गरेको थियो। ली विगतमा जापानले कोरियाली प्रायद्वीपमा सन् १९१० देखि १९४५ सम्म गरेको उपनिवेशवादी शासनको आलोचना गर्दै आएका छन्।

साता दिनअघि दक्षिण कोरियाले जापानी नेताहरूले टोकियोस्थित युद्ध मृतकहरूलाई समर्पित यासुकुनी मन्दिरको भ्रमणप्रति 'गहिरो निराशा र खेद' व्यक्त गरेको थियो। कोरियाली जनमानसमा उक्त मन्दिर जापानको साम्राज्यवादी अतीतको प्रतीकको रूपमा लिइन्छ।

टोकियोमा राष्ट्रपति लीले सम्बन्ध सुधारतर्फ प्रतिबद्धता व्यक्त गर्दै भने, 'कोरिया-जापान सम्बन्धको विकासमार्फत हामी त्रिपक्षीय सहकार्यलाई बलियो बनाउन सक्नेछौं।' उनले यो कुरा यसै वर्ष जुन महिनामा क्यानडामा सम्पन्न जी-७ शिखर सम्मेलनको क्रममा प्रधानमन्त्री इशिबासँग भएको पहिलो भेटमा पनि व्यक्त गरेका थिए।

सुरक्षा दृष्टिले चीनको बढ्दो प्रभावको सन्दर्भमा जापान र दक्षिण कोरियाले अमेरिकामा बढी नै भरोसा देखाएका छन्। हुन पनि दुवै देशमा गरी करिब ८० हजार अमेरिकी सेना, दर्जनौं युद्धपोत र सयौं सैन्य विमानहरू तैनाथ छन्।



बागलुङको पर्यटकीय आकर्षणको केन्द्र ढोरपाटन उपत्यकादेखि ५/६ घण्टाको पैदलयात्रापछि बुकीपाटन र तिकधारा पुग्न सकिन्छ। जहाँ पाटनैभरी किसानले भेडा चराउने गर्दछन्। *तस्बिरः नेपाल फोटो लाइब्रेरी*

# साउनमा व्यापार घाटा एक खर्ब १९ अर्ब

news 24

**काठमाडौं, भदौ ७**

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउनमा १ खर्ब १९ अर्ब रुपैयाँ बढी व्यापार घाटा भएको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार एक महिनामा एक खर्ब ४३ अर्ब ४ करोड रुपैयाँ बराबरको आयात भएको छ भने २३ अर्ब ९३ करोड २४ लाख रुपैयाँको निर्यात भएको छ। कुल एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ। व्यापार घाटा एक खर्ब १९ अर्ब १० करोड ८२ लाख रुपैयाँ भएको हो।

यो व्यापार घाटा गत आर्थिक वर्ष २०८१/८२ को साउन महिनाको तुलनामा २.५५ प्रतिशतले बढी हो। गत वर्ष साउनमा एक खर्ब १६ अर्ब १५ करोड रुपैयाँ बराबरको व्यापार घाटा भएको थियो। एक खर्ब २८ अर्ब ३७ करोड रुपैयाँको आयात हुँदा १२ अर्ब २२ करोडको मात्रै निर्यात भएको थियो। कुल व्यापार १ खर्ब ४० अर्ब ६० करोड रुपैयाँ बराबर थियो।

वैदेशिक व्यापार एक वर्ष अघिको तुलनामा १८.७५ प्रतिशत बढेको छ। आयात ११.४२ प्रतिशत बढेको छ भने निर्यात ९५.२५ प्रतिशत बढेको छ। प्रतिशतमा निर्यात वृद्धि उच्च देखिए पनि रकमको आधारमा आयात धेरै बढेको देखिन्छ। एक वर्ष अघिको तुलनामा आयात १४ अर्ब ६६ करोडले बढेको छ भने निर्यात ११ अबै ७० करोडले बढेको छ।

विभागका अनुसार गत साउनमा वैदेशिक व्यापारबाट सरकारले ३६ अर्ब ८१ करोड ४१ लाख ८३ हजार रुपैयाँ राजस्व प्राप्त गरेको छ।

सबैभन्दा बढी पेट्रोलियम इन्धन आयात भएको छ। करिब २२ अर्ब रुपैयाँ बराबरको पेट्रोलियम इन्धन आयात भएको छ। यसबाट सरकारले आठ अर्ब ७२ करोड ५३ लाख ९६ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। विभागका अनुसार ५ अर्ब ७७ करोड १४ लाख रुपैयाँ बराबरको पेट्रोल, ५ अर्ब ८८ करोड ७७ लाख रुपैयाँ बराबेको डिजेल तथा ४ अर्ब ६६ करोड ६४ लाख रुपैयाँ बराबरको खाना पकाउने एलपी ग्यास आयात भएको छ। पेट्रोलियम इन्धन कारोबारमा नेपाललाई शतप्रतिशत व्यापार घाटा छ।

आयात धेरै हुने वस्तुमध्ये दोस्रो नम्बारमा वनस्पति तेल/घ्यू तथा बोसो जन्य पदार्थ छ। एक महिनामा १३ अर्ब ४५ करोड २७ लाख ८८ हजार रुपैयाँ बराबरको वनस्पतिजन्य तेल आयात हुँदा १२ अर्ब ३१ करोड ५२ लाख ६२ हजार रुपैयाँ बराबरको निर्यात भएको छ। यसैगरी, ११ अर्ब ९ करोड ७६ लाख ९० हजार रुपैयाँ बराबरको फलाम तथा स्टील आयात भएकोमा २९ करोड ९४ लाख ५९ हजार रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ। फलाम तथा स्टीलको व्यापारमा नेपाललाई १० अर्ब ७९ करोड ८२ लाख ३१ हजार रुपैयाँ व्यापार घाटा छ। यस्तै ९ अर्ब ४१ करोड ४३ लाख ९५ हजार रुपैयाँ बराबरको मेसिनरी तथा मेकानिकल उपकरण एवं पार्टपूर्जा आयात हुँदा २९ करोड ९४ लाख ५९ हजार रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ। यी उपकरणको व्यापारमा पनि नेपाललाई ९ अर्ब १९ करोड १७ लाख ३८ हजार रुपैयाँ घाटा रहेको विभागको तथ्यांकमा छ।




**वैदेशिक व्यापारको स्थिति** *(रु. हजारमा)*

| व्यापार सूचक | २०८१ साउन | २०८२ साउन | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| आयात | १२८,३७७,१२१ | १४३,०४०,६६९ | ११.४२ |
| निर्यात | १२,२२६,१४७ | २३,९३२,४४१ | ९५.७५ |
| व्यापार घाटा | ११६,१५०,९७४ | ११९,१०८,४४१ | २.५५ |
| कुल वैदेशिक व्यापार | १४०,६०३,२६८ | १६६,९७३,१०९ | १८.७५ |

- पेट्रोलियम इन्धन २२ अर्ब रुपैयाँ बराबरको आयात भएको छ, यसबाट सरकारले आठ अर्ब ७२ करोड रुपैयाँ राजस्व प्राप्त गरेको छ
- वनस्पति तेल/घ्यू तथा बोसोजन्य पदार्थ १३ अर्ब ४५ करोड रुपैयाँ बराबरको आयात भएको छ, भने १२ अर्ब ३१ करोडको निर्यात भएको छ
- फलाम तथा स्टील ११ अर्ब ९ करोड रुपैयाँको आयात भएकोमा २९ करोडको निर्यात भएको छ। यसमा नेपाललाई १० अर्ब ७९ करोड व्यापार घाटा छ।

मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ। साउनमा १० अर्ब ६९ करोड ५८ करोड रुपैयाँ बराबरको भटमासको तेल भारत निर्यात भएको हो। यस्तै, निर्यात जन्य उत्पादनमा दोस्रो नम्बरमा पाम आयल छ। ६७ करोड १२ लाख ३८ हजार रुपैयाँ बराबरको पाम आयल निर्यात भएको छ। यही अवधिमा ६५ करोड १४ लाख ९८ हजार रुपैयाँ बराबरको सूर्यमुखीको बीउ तथा तेल पनि भारतमा निर्यात भएको विभागको तथ्यांकमा उल्लेख छ। कार्पेट तथा अन्य टेक्सटायल फ्लोर कभरिङ, धागो, अलैंची, सिमेन्ट, आल्मुनियमको तारलगायत नेपाली उत्पादन पनि निर्यात भएको छ।

## वीरगंज नाकाबाट हुने आयात र निर्यात दुवै बढ्यो

पर्सा। चालु आर्थिक वर्षको पहिलो महिना साउनमा वीरगंज नाकाबाट ६८ अर्ब १७ करोड रुपैयाँ बराबरका वस्तु तथा सामान आयात भएका छन्। जुन गत आवको सोही महिनाको तुलनामा आठ अर्ब ११ करोड रुपैयाँले बढी भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ। कार्यालयका अनुसार २०८१ साउनमा ६० अर्ब छ करोड बराबरको वस्तु तथा सामान आयात भएको थियो।

चालु आर्थिक वर्षको साउनमा यो नाकाबाट हुने निर्यात पनि बढेको छ। २०८२ साउनमा आठ अर्ब ४५ करोडको सामान विभिन्न मुलुकमा निर्यात भएको छ। २०८१ साउनमा तीन अर्ब पाँच करोडको मात्रै सामान निर्यात भएको थियो।

कार्यालयका अनुसार साउनमा १८ अर्ब ४४ करोड राजस्व संकलन भएको छ। जबकी गतवर्ष साउनमा १५ अर्ब ९२ करोडको राजस्व संकलन भएको थियो।

सबैभन्दा बढी वैदेशिक व्यापार भारतसँग भएको छ। भारतसँग यो एक महिनामा कुल ८३ अर्ब ५३ करोड ९९ लाख १६ हजार रुपैयाँको वस्तु आयात हुँदा १९ अर्ब ४५ करोड २० लाख ५० हजार रुपैयाँ बराबरको निर्यात भएको छ। भारतसँगको व्यापार घाटा ६४ अर्ब ८ करोड ७८ लाख ६६ हजार रुपैयाँ छ।

दोस्रो नम्बरमा चीनसँग बढी वैदेशिक व्यापार भएको छ। चीनबाट यो एक महिनामा करिब २८ अर्ब रुपैयाँ बराबरको आयात हुँदा ५ करोड ४८ लाख २५ हजार रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ। चीनसँगको व्यापार घाटा २७ अर्ब ९४ करोड १२ लाख २३ हजार रुपैयाँ बराबर छ।

नेपालले आयात बढी गर्ने देशमध्ये तेस्रो नम्बरमा दक्षिण अमेरिकी मुलुक अर्जेन्टिना छ। अर्जेन्टिनासँग पनि नेपालको व्यापार घाटा छ। अर्जेन्टिनासँग ९ अर्ब १२ करोड ९७ लाख ९५ हजार रुपैयाँको वैदेशिक व्यापार हुँदा २४ हजार रुपैयाँ बराबरको वस्तु मात्रै निर्यात भएको छ। विभागको तथ्यांकमा अर्जेन्टिनासँगको व्यापार घाटा ९ अर्ब १२ करोड ९७ लाख ७१ हजार रुपैयाँ छ।

कतार, संयुक्त अरब इमिरेट्स (यूएई), इन्डोनेशिया, संयुक्त राज्य अमेरिका, ब्राजिल, थाइल्याण्ड, मसेशिया, जापान, क्यानेडा, बेलायत, जर्मनीलगायत देशसँग भएको वैदेशिक व्यापारमध्ये अमेरिका र जर्मनीसँगको व्यापारमात्रै नाफामा रहेको विभागले जनाएको छ।

# मेवाखोला र करुवा सेतीको विद्युत् लैजान भारत सहमत



काठमाडौं। भारतले २ वटा जलविद्युत् आयोजनालाई विद्युत् निर्यातको अनुमति दिएको छ। भारतसँग भएको मध्यकालीन सम्झौताअनुसार नेपाल विद्युत् प्राधिकरणले प्रस्ताव गरेका ५० मेगावाटको मेवाखोला र ३२ मेगावाटको करुवा सेती जलविद्युत् आयोजनालाई विद्युत् निर्यातको अनुमति प्रदान गरेको हो।

मेवाखोलालाई ४८.५ मेगावाट विद्युत् निर्यातको अनुमति मिलेको विद्युत् प्राधिकरणको विद्युत् व्यापार विभागले जनाएको छ। प्राधिकरणका अनुसार करुवा सेतीलाई पनि ३१.०४ मेगावाट विद्युत् निर्यातको अनुमति मिलेको छ। यी आयोजनाले पाएको निर्यात अनुमति २०२६ को अक्टोबरसम्मका लागि हो।

निर्यातको अनुमति पाएका यी आयोजनाको जडित क्षमता ७९.५४ मेगावाट छ। भारतले गत साउन २६ गते पनि २०० मेगावाटका ६ आयोजनालाई विद्युत् निर्यातको अनुमति दिएको छ।

यी दुई आयोजनाको विद्युत् निर्यातको अनुमतिपछि नेपालबाट भारतको विद्युत् बजारमा निर्यात हुने विद्युत्को परिमाण १ हजार १३० मेगावाट पुगेको छ। नेपालले भारतको प्रसारण पूर्वाधार उपयोग गरी ४० मेगावाट विद्युत् बंगलादेशमा पनि निर्यात गरिरहेको छ। बंगलादेशको समेत गरी नेपालबाट निर्यात हुने विद्युत् परिमाण १ हजार १ सय ७० मेगावाट पुगेको प्राधिकरणले जनाएको छ।

# ढल्केवर-जनकपुर-जटही सडकमा विद्युतीकरण

जनकपुरधाम। ढल्केवर-जनकपुर-जटही ३५ किलोमिटर सडकमा चार करोड ३८ लाख ८९ हजार रुपैयाँको लागतमा विद्युतीकरण भएको छ। सडक डिभिजन कार्यालयले सडकका दुवै किनारमा खम्बा गाड्नका साथै सौर्य प्यानल जडानका साथै अन्य विद्युतीय उपकरण जडान गरेको हो। सडक किनार विद्युतीकरणबाट बटुवालाई राति हिँडडुल गर्न सहज भएको छ।

सडक विद्युतीकरण आयोजना पूरा भएकामा उक्त कार्यालयलाई धन्यवाद दिँदै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव रघुवीर महासेठले सडक सुरक्षा तथा पूर्वाधार निर्माणका निम्ति सरकारले प्राथमिकता दिएको बताए।

उक्त कार्यालयका प्रमुख दरोगा साहले ढल्लकेवर-जनकपुरधाम-जटही सडक खण्डमा 'फ्लाई ओभर' निर्माणको योजना रहेको जानकारी दिए।

# अटो कर्जाको ब्याजदरमा बैंकहरूबीच प्रतिस्पर्धा




news 24

**काठमाडौं, भदौ ७**

सवारीसाधन क्षेत्रमा कर्जा प्रवाह गर्दै आएका बैंकहरूले नाडाको अवसर पारेर व्यवसाय बढाउन आफ्नो उपस्थितिलाई सशक्त पारेका छन्। नाडा अटो शो २०२५को अवसर पारेर सातवटा बैंकले ब्याजदर घटाएर कर्जा उपलब्ध गराएका हुन्।

प्रदर्शनीमा कृषि विकास बैंक, नबिल बैंक, ग्लोबल आइएमई बैंक, हिमालयन बैंक, लक्ष्मी सनराइज बैंक, एनएमबि बैंक र सानिमा बैंकले सस्तो दरको कर्जा उपलब्ध गराएका हुन्। सात वटै बैंकले सवारीसाधनमा दिने कर्जाको ब्याजदरमा आकर्षक अफर दिएका छन्।

निक्षेप तीव्र बढीरहेको तर कर्जाको माग बढ्न नसकेको बेला बैंकहरूले सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराइ आफ्नो व्यापार बढाउने माध्यम नाडालाई बनाएका छन्। नाडामा गाडी बुक गर्ने ग्राहकले विक्रेताबाट आकर्षक छुट त पाउने छन नै साथसाथै सस्तो ब्याजमा कर्जा समेत पाउने भएका छन्।

कृषि विकास बैंकले सबैभन्दा सस्तो ब्याजदर अफर गरेको छ। कृषि विकास बैंकले ६.२३ प्रतिशत ब्याजमा गाडी कर्जा दिएको छ। यस्तै कर्जाको ०.७५ प्रतिशत प्रोसेसिङ शुल्कमा ३३ प्रतिशत छुट समेत दिएको छ।

नबिल बैंकले पनि ७.७४ प्रतिशत ब्याजदरमा परिवर्तनीय अटो कर्जा घोषणा गरेको छ। स्थीर ब्याजदरमा कर्जा लिन चाहने ग्राहकका लागि भने ८.२५ प्रतिशत ब्याजदरमै कर्जा उपलब्ध गराको छ।

ग्लोबल आइएमई बैंकले परिवर्तनीय कर्जामा ६.९९ प्रतिशत ब्याज तोकेको छ। यस्तै स्थिर ब्याजदरमा कर्जा लिन चाहनेहरूका लागि पाँच वर्षका लागि ८.२५ प्रतिशत ब्याजदरमा अटो कर्जा अफर गरेको छ।

हिमालयन बैंकले ८ वर्षका लागि ७.५७ प्रतिशत ब्याजदरमा अटो कर्जा दिने भएको छ। यस्तै लक्ष्मी सनराइजले ७ वर्षका लागि ६.७४ प्रतिशतमा कर्जा दिनेछ। एनएमबि बैंकले पनि अटो शो अवधिभर गाडी खरिद गर्नेहरूका लागि ७.१३ प्रतिशत ब्याजदरमा अटो कर्जा दिनेछ। सानिमा बैंकले ५ वर्षका लागि ७.९९ प्रतिशत स्थिर ब्याजदरमा अटो कर्जा दिएको छ।

नाडामा गाडी बुक गरेका ग्राहकले बैंक तथा वित्तीय संस्थामा सस्तो दरको ब्याजमा कर्जा पाउने बैंकहरू बताउँछन्। व्यवसायीहरूले पनि सस्तो ब्याजमा अटो कर्जा उपलब्ध हुने भएपछि गाडीको बुकिङ पनि बढेको बताएका छन्।


# घट्यो बीमाको दायरामा आएको जनसंख्या

news 24

**काठमाडौं, भदौ ७**

बीमा कम्पनीहरूले व्यापार बढाउँदै लगे पनि बीमाको दायरामा आएको जनसंख्या घटेको छ। नेपाल बीमा प्राधिकरणको तथ्यांकअनुसार २०८१ असार मसान्तमा म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक बीमाको दायरामा आएको जनसंख्या १८.०३ प्रतिशत थियो। तर २०८२ असारमा यो घटेर १७.७० प्रतिशतमा झरेको छ। एक वर्षमा ०.३३ प्रतिशत विन्दु घटेको हो।

वैदेशिक रोजगार र म्यादी बीमालाई गणना नगर्ने हो भने बीमाको पहुँचबाहिर रहेको जनसंख्या ८२.३० प्रतिशत छ। म्यादी, लघु म्यादी र वैदेशिक रोजगार जीवन बीमा लेखलाई समेत गणना गर्ने हो भने २०८२ असार मसान्तसम्म ३९.९९ प्रतिशत जनसंख्या बीमाको दायराभित्र छ। एक वर्षअघि ३६.५३ प्रतिशत जनसंख्या बीमाको दायरामा थियो।



प्राधिकरणले २०७८ मा पुँजी वृद्धिको नीति लिनुअघि जीवन बीमा कम्पनीको संख्या १९ थियो। मर्जर तथा प्राप्तिमा गएपछि अहिले बीम कम्पनीहरूको संख्या १४ मा झरे पनि तीन वटा जीवन लघुबीमा कम्पनी थपिएका छन्। यीसहित जीवन बीमा कम्पनीको संख्या १७ पुगेको छ। कम्पनीहरूले शाखा सञ्जाल र अभिकर्ता त्यही अनुसार विस्तार गरिरहेका छन्। तर दायरा बढ्न सकेको देखिदैन। बीमा कम्पनीहरू म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेखको व्यापारमा महत्व दिएर लागेको देखिन्छ। बीमा कम्पनीहरूले अर्थतन्त्र सिथिल बनेकाले बीमा गर्नेहरू बढ्न नसकेको बताउँदै आएका छन्।

तर एक वर्षमा जीवन बीमा कम्पनीहरूको कार्यालय संख्या भने बढेको छ। २०८१ असार मसान्तमा १ हजार ८ सय ३३ वटा कार्यालय संख्या रहेकोमा २०८२ असार मसान्तसम्म ६ वटा कार्यालय बढेर १ हजार ८ सय ३९ पुगेको छ। यस्तै बीमा कम्पनीमा काम गर्ने कर्मचारीको संख्या पनि एक वर्षमा ५ हजार ८ सय ५८बाट बढेर ६ हजार १ सय १३ पुगेको छ।

गत आर्थिक वर्षमा जीवन बीमा कम्पनीहरूले एक खर्ब ८२ अर्ब २७ करोडको ब्यापार गरेका छन्। जुन अघिल्लो वर्षको तुलनामा १६.४७ प्रतिशत धेरै हो। अघिल्लो आर्थिक वर्षमा एक खर्ब ५६ अर्ब ५० करोड रुपैयाँ बराबरको व्यापार गरेका थिए।

गत आर्थिक वर्षमा पहिलोपटक जीवन बीमा गर्नेहरूबाट ४४ अर्ब ५१ करोड रुपैयाँ बीमाहुल्क संकलन गरेका छन्। यस्तै पुरानो बीमा नविकरणमार्फत एक खर्ब ३७ अर्ब ७६ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेका छन्।

म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक जीवन बीमालेखको संख्या ५७ लाख ७५ हजार ३०५ छ। जुन अघिल्लो वर्षको तुलनामा ०.९३ प्रतिशत कम हो। २०८१ असार मसान्तमा यस्तो बीमालेख संख्या ५८ लाख २९ हजार ७२४ थियो। म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या भने २१.५१ प्रतिशत बढेर ७२ लाख ६९ हजार ३८१ पुगेको छ। यस्तै वैदेशिक रोजगार बीमालेख संख्या २५ प्रतिशत बढेर २५ लाख ८६ हजार ३१३ पुगेको छ। कुल सक्रिय जीवन बीमालेखको संख्या एक करोड ५६ लाख ३० हजार ९९९ रहेको छ। जुन अघिल्लो वर्ष एक करोड ३८ लाख ८१ हजार ४९२ थियो।



केरा व्यापार । दाङको घोराही उपमहानगरपालिका वडा नं. १५ का एक व्यापारीले नवलपरासीबाट बिक्रीका लागि खरिद गरी ल्याएका केरा । तीज पर्वमा केराको राम्रो बिक्री हुने व्यापारी बताउँछन् । *तस्बिरः रासस*

# अनलाइन जुवामा गुम्यो १३ करोड भारु

मुम्बइ । मुम्बइका एक व्यक्तिले अनलाइन जुवा छलीमा फसेपछि आफू र साथीहरूले करिब १३ करोड भारु गुमाएको दाबी गरेका छन् । ती व्यक्तिले एएनआईसँग कुरा गर्दै भने, 'कोभिड-१९ को महामारीको समयमा पहिलो पटक 'गेमिङ एप'मा ५०० रुपैयाँ लगानी गरेको थिए । समयबित्दै जाँदा आफ्नो कमाइ बढाउने आशामा आफ्नो लगानी बढाएको तर यसबाट वर्षौंको कडा परिश्रमबाट कमाएको जीवनभरको सम्पूर्ण बचत गुमेको बताए ।'

घटना अनुसनधानको प्रक्रियामा रहेकोले पीडित भनिएका र पीडक भनिएका व्यक्तिको नाम उल्लेख गरिएको छैन । उनले 'अनलाइन गेमिङ एप्स'ले विभिन्न नाममा एप्स सञ्चालन गरेको र यसले प्रयोगकर्तामा भ्रम सिर्जना गरेको बताए । अधिकारीले भने, अनलाइन गेमिङ एप्स अनुसन्धानको क्रममा छ । इडीले पनि यसको अनुसन्धान गरिरहेको छ ।'

अधिकारीका अनुसार यस प्रकरणमा १५ करोडभन्दा बढी गमाएको ती व्यक्तिले बताएका छन् । पीडितले थपे,'सन् २०२१ मा हामीले अनलाइन गेमिङको लागि पीडितले भनेको विज्ञापन भेट्टायौं। यसमा त्यहाँ धेरै अनुप्रयोगहरू छन् र मानिसहरूलाई यो पनि थाहा छैन कि आवेदन वास्तविक वा कानूनी छ कि छैन। आफुहरूलाई थाहा पनि छैन ।' उनले अगाडी भने, 'तिनीहरूले धेरै बैंक खाताहरू प्राप्त गर्छन् । तिनीहरूसँग पाँचदेखि छ वटा गेमिङ प्लेटफर्महरू छन् । मलाई लाग्छ कि उनीहरू ती सबैका मालिक छन् । सबै खेल समान छन र उनीहरूको सर्भर समान खालका छन् ।'

उनका अनुसार प्लेटफर्महरूले वेबसाइटहरूमा रूलेट (एक क्यासिनो खेल) र लुडोजस्ता खेलहरू प्रदान गरेका थिए । पीडित व्यक्तिले गेमिङ एपविरुद्ध पनि एफआइआर दर्ता गराएका थिए । सुरुमा ५० लाख रुपैयाँ जम्मा गरेको र सञ्चालकले नाफा बाँड्ने आश्वासन दिएको पीडितले बताए ।

उनले भने, 'हामी रूलेटमा लगानी गर्‍यौं । उनीहरूले हामीलाई लगानीको नाममा केही लाभ-साझेदारी बोनस दिने बताए तर उनीहरूले हामीलाई कहिल्यै दिएनन् ।'

उनले आफ्नो खाता ब्लक गर्नु अघि कसरी जालसाजीहरूले उनलाई सानो रकम झिक्न अनुमति दिए भन्ने कुरा स्मरण गर्दै भने, 'हामीसँग ५० लाख धरौटी थियो । जब हामी पैसा निकाल्थ्यौं, उनीहरूले हामीलाई पहिले दुई लाख झिक्न भन्थे । त्यसपछि हामीले हरेक दिन आफ्नो पैसा फिर्ता गर्नुपर्थ्यो । दोस्रो दिन हामीले ७५ हजार र तेस्रो दिन ५० हजार फिर्ता लियौं । चौथो दिनमा तिनीहरूले हामीलाई रोके र 'केवाईसी' गर्न भने ।' केवाईसी गरेपछि पनि उनीहरूले प्रक्रिया नमिलेको भनी रकम निकासा गर्न मानेनन् । ती व्यक्तिले दुःख व्यक्त गर्दै भने, 'म सरकारबाट न्याय पाउन चाहन्छु । म मेरो पैसा फिर्ता चाहन्छु । यो नै सरकारलाई मेरो मुख्य आग्रह हो ।'

हजारौं पीडित र १५ करोड भारुभन्दा बढीको लेनदेनमा संलग्न रहेको यो ठगी साइबर पुलिस र प्रवर्तन निर्देशालय (इडी) द्वारा संयुक्त अनुसन्धानको अधीनमा रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ । रासस/एएनआई

# शेयरबजार दबाबमा

news 24
**काठमाडौं, भदौ ७**



शेयरबजार दबाबमा देखिएको छ । गतसाता कारोबार मापक नेप्से परिसूचक १.०९ प्रतिशत घटेर २७५७.९७ विन्दुमा झरेको छ । अघिल्लो साता नेप्से २७८८.३६ विन्दुमा थियो ।

सातामा पाँच कारोबार दिन नै बजार खुलेको थियो । जसमध्ये दुई दिन परिसूचक नेप्से सामान्य अंकले बढेको भए पनि बाँकी तीन दिन घट्दा साप्ताहिक नतिजा नकारात्मक देखिएको हो । सातामा सेन्सिटिभ इन्डेक्स ४.५६ अंक (०.९५ प्रतिशत)ले घटेको छ भने फ्लोट इन्डेक्स १.८७ अंक (०.९७ प्रतिशत) र सेन्सिटिभ फ्लोट इन्डेक्स १.३६ अंक (०.८३ प्रतिशत)ले तल झरेका छन् ।

कारोबार रकम पनि घटेको छ । अघिल्लो साता दैनिक औसत ७ अर्ब ६९ करोड रुपैयाँको शेयर किनबेच भएकोमा गतसाता औसत ५ अर्ब ९५ करोड रुपैयाँको मात्रै कारोबार भयो ।

सूचक र कारोबार रकममा गिरावट आएसँगै बजार पुँजीकरण पनि घटेको छ । अघिल्लो साता ४६ खर्ब ५६ अर्ब रुपैयाँ रहेको कुल बजार पुँजीकरण गतसाता ४७ अर्बले घटेर ४६ खर्ब ८ अर्ब रुपैयाँमा झरेको छ ।

सूचीकृत १३ समूहमध्ये होटल तथा पर्यटनबाहेक सबै घटेका छन् । होटल तथा पर्यटन समूह १.२३ प्रतिशत बढेर ७०४२.२५ विन्दुमा पुगेको छ भने अन्य समूह भने २.४५ प्रतिशतले घटेर २५९५.७९ विन्दुमा झरेको छ । जीवन बीमा समूह अंकका आधारमा सर्वाधिक १०२.४६ अंक घटेको छ ।

गतसाता पियोर इनर्जी लिमिटेडको शेयर मूल्य सर्वाधिक ९.७९ प्रतिशत बढेको छ । यस्तै सम्पदा लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य १३.७७ प्रतिशतले घट्दै सबैभन्दा धेरै तल झरेको छ ।

नेप्सेमा तीन कम्पनीका कुल १ करोड ६३ लाख ७७ हजार ७९.५४ कित्ता शेयर सूचीकृत भएका छन् । नेशनल लाइफ इन्स्योरेन्स र हिमालयन रिइन्स्योरेन्सको बोनस शेयर तथा विकाश हाइड्रोपावर कम्पनीको आइपीओ सूचीकृत भएको हो ।

अघिल्लो साता देखि नै बजार घट्नुलाई सतर्कतापूर्वक लगानी गर्नुपर्ने अवस्था रहेको रूपमा बुझ्नुपर्छ । कारोबार रकम र संख्या दुवैमा आएको गिरावटले लगानीकर्ताहरूको सहभागिता घटेको स्पष्ट हुन्छ । दैनिक औसत कारोबार २२ प्रतिशतभन्दा धेरै घट्नुले बजारप्रति लगानीकर्ताको विश्वास कमजोर भएको रूपमा बुझ्नुपर्ने विश्लेषकहरू बताउँछन् ।

सातामा तीन कम्पनीको शेयर सूचीकृत भएको छ । जसले आपूर्ति पक्षलाई बढाउँछ । शेयरको आपूर्ति बढ्दा माग त्यति बलियो नदेखिनु नै शेयरमूल्यमा दबाब बढ्नुको मुख्य कारण हो ।

साताको फ्लोरसिट विश्लेषणले पनि बजारको मनोविज्ञानलाई देखाउँछ । लगानीकर्ताले सुरक्षित वा भविष्यमा लाभांश दिने सम्भावना भएका जलविद्युत् कम्पनीको शेयर बढी किनिरहेको देखिन्छ भने बीमा, बैंकिङलगायतका कम्पनीको शेयर बिक्री बढ्दै जानुले बजारमा मुनाफा टिप्ने प्रवृत्ति बढेको स्पष्ट हुन्छ ।

बजार पुँजीकरणमा गिरावट हुनु, कारोबार रकममा तीव्र कमी आउनु र सबैजसो समूहगत सूचकहरू घट्नुले बजार अझै पनि करेक्सन फेजमा रहेको संकेत गर्छ । किनभने एक महिना अघि नेप्से छोटो समयमै करिब ३०० अंक बढेको थियो । आगामी साता बजारमा बैंकिङ तरलता, राजनीतिक स्थिरता, लाभांश घोषणालगायतका विषयले प्रभाव पार्ने सम्भावना देखिन्छ ।

# चुरियामाइमा बढे पर्यटक



**बागमती, भदौ ७**

दक्षिण एसियाकै पहिलो मानिएको हेटौंडा उपमहानगरपालिका-१५, स्थित चुरियामाई सुरुङमार्ग घुम्न आउनेको संख्या बढ्दै जाँदा राजस्व संकलन पनि बढ्न थालेको छ । हेटौंडा उपमहानगरपालिका अनुसार आठ महिनामा तीन हजारभन्दा बढीले सुरुङमार्ग अवलोकन गरेका छन् ।

हेटौंडा उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख मनोजकुमार सुवेदीले पर्यटकबाट रु एक लाख १७ हजार राजस्व सङ्कलन गरिएको बताए । चालु आर्थिक वर्षको साउनमा मात्रै ४५५ जना पर्यटकले सुरुङमार्ग अवलोकन गरेको र त्यसबापत रु २० हजार ५५० राजस्व संकलन भएको जनाइएको छ ।

सुरुङमार्ग अवलोकनका लागि नेपालीलाई प्रतिव्यक्ति रु ५०, विदेशीलाई प्रतिव्यक्ति रु १००, विद्यार्थीलाई प्रतिव्यक्ति रु २० निर्धारण गरिएको छ ।

सुरुङमार्ग अवलोकनका लागि धेरैजसो विद्यार्थी आउने गरेको सुरुङमार्गको व्यवस्थापन र सुरक्षामा खटिएका उपमहानगरपालिका नगरप्रहरी प्रमुख नेत्रप्रसाद ढकालले बताए । शुक्रबार, शनिबार र सार्वजनिक बिदाका दिन विद्यार्थी तथा सर्वसाधारणको संख्या बाक्लो हुने गरको छ ।

लामो समयसम्म जीर्ण रहेको सुरुङमार्ग पुनःनिर्माणपछि पर्यटकका लागि खुला गरिएको हो । कुल रु चार करोड ५७ लाखमा प्रदेश यातायात पूर्वाधार निर्देशनालयले सुरुङको पुनःनिर्माण गरी व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको थियो । सुरुङमार्ग विसं २०८१ पुस ८ गते उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरिएको थियो ।

मधेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुरलाई जोड्ने उक्त सुरुङमार्ग विसं १९७४ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा निर्माण गरिएको थियो । सो सुरुङमार्गबाट विसं २०२० सम्म सवारी-साधन सञ्चालन हुँदै आएका थिए । सुरुङमार्गको विसं २०७९ वैशाख १९ गते जीर्णोद्धार सुरु भएको थियो । *रासस*

# गर्मीले कामदारलाई जोखिम



एजेन्सी । विश्व स्वास्थ्य संगठन र विश्व मौसम विज्ञान संगठनद्वारा सार्वजनिक गरिएको संयुक्त प्रतिवेदनले जलवायु परिवर्तनका कारण बारम्बार भइरहेका गर्मीको लहरले विश्वभर कामदारहरू गम्भीर जोखिममा पारेको उल्लेख गरेको छ । रिपोर्टका अनुसार अत्यधिक गर्मीले कामदारहरूको स्वास्थ्य र कार्यक्षमतामा नकारात्मक असर पार्छ । यसले सरकार, रोजगारदाता, र कामदारहरूलाई कार्यस्थलमा गर्मीको तनावबाट बच्नका लागि अनुकूलन रणनीति अपनाउन आग्रह गरेको छ ।

विश्व स्वास्थ्य संगठनले सन् १९६९ पछि पहिलो पटक कार्यस्थलमा गर्मीको असरमाथि ध्यान दिँदै रिपोट सार्वजनिक गरेको हो । संगठनका वातावरण, जलवायु र स्वास्थ्य निर्देशक रुडिगर क्रेचका अनुसार गर्मीको असरलाई सामान्य असुविधा नभई स्वास्थ्यका लागि खतराको रूपमा लिनु आवश्यक छ । उनले बताएअनुसार यदि कुनै व्यक्ति लामो समयसम्म ३८ डिग्री सेल्सियसभन्दा उच्च तापक्रममा काम गर्छन् भने त्यसले गर्मी सम्बन्धी तनाव, स्ट्रोक, मृगौलाले काम नगर्ने र शीररमा पानीको मात्रा घट्ने जोखिम निम्त्याउन सक्छ ।

विश्व मौसम विज्ञान संगठनले पछिल्लो दशकमा रेकर्ड गरिएको उच्च तापक्रम उल्लेख गर्दै सन् २०२४ लाई अहिलेसम्मकै सबैभन्दा तापमानयुक्त वर्ष बताएको छ । युरोप, अफ्रिका र मध्य पूर्वको तापक्रम ४० देखि ५० डिग्री सेल्सियससम्म पुग्न थालेको छ । भूमध्यसागरको सतहको औसत तापक्रम २६.६८ डिग्री सेल्सियस पुगेको छ भने बेलायतमा सन् १८८४ पछि सबैभन्दा ताता दिनहरूको श्रृंखला देखिएको छ । उच्च तापक्रमको असर केवल स्वास्थ्यमा मात्र नभई आर्थिक उत्पादनमा पनि पर्ने देखिएको छ । रिपोर्टले २० डिग्री सेल्सियसभन्दा माथिको प्रत्येक एक डिग्रीले उत्पादकत्वमा २ प्रतिशतको न्यूनता आउने देखाएको छ । सन् २०२३ मा स्विट्जरल्यान्डमा तापमान ३० डिग्री सेल्सियसभन्दा माथि हुँदा कार्यस्थल दुर्घटना ७ प्रतिशले बढेको थियो ।

निर्माण र कृषि क्षेत्रमा कार्यरत श्रमिकहरू उच्च जोखिममा छन् । केही युरोपेली देशहरूले गर्मीको समयमा काम रोक्ने वा नयाँ कार्य तालिका अपनाउने जस्ता उपाय अपनाइसकेका छन् । इटालीको सरकारले उच्च तापक्रम भएको समयमा काम रोक्ने आपतकालीन आदेश जारी गरेको छ । त्यस्तै, स्विट्जरल्याण्डका केही ठाउँमा उच्च तापक्रम भएका बेला निर्माण कार्यहरू रोकिएका थिए ।

विद्यालयहरू पनि उच्च तापक्रमका असरबाट प्रभावित छन् । जर्मनीमा एक समय 'हिट्जेफ्रेई' भनिने प्रावधान अन्तर्गत तापक्रम ३० डिग्री सेल्सियसभन्दा माथि पुग्दा कक्षा बन्द गरिन्थ्यो । तर अहिले यस्तो तापक्रम सामान्य हुँदै गएको हुँदा कक्षा बन्द गर्ने निर्णय गर्न गाह्रो भइरहेको छ । शिक्षक र संघहरूले कक्षा बन्द गर्नुको सट्टा भेन्टिलेसन र वातानुकूलन प्रणाली सुधार गर्नेमा जोड दिइरहेका छन् ।

# पसल चोरीले वार्षिक २.२ अर्ब घाटा

**लण्डन, भदौ ७**

बेलायतमा गएका दुई वर्षयता पसल चोरीका कारण व्यवसायीहरू हैरान भएका छन् । प्रहरीले पसल चोरी ६० प्रतिशतले बढेको एउटा तथ्यांकमा देखिएको छ । गएको वर्ष ५ लाख ६० हजारभन्दा बढी चोरीका घटनाहरू प्रहरीले दर्ता गरेको थियो ।

खासगरी कोभिड १९ पछि यस्ता चोरीका घटनामा तीव्र वृद्धि भएको प्रहरीले जनाएको छ । यस्तो चोरीका कारण पसलेहरूलाई वार्षिक रुपमा २.२ अर्ब पाउन्डसम्म घाटा लाग्ने गरेको पनि अध्ययनमा देखिएको छ । यो रकम ६२ लाख दर्ता भएका घटनाबाट निकालिएको लण्डन प्रहरीले जनाएको छ ।

यस्तो चोरी बढ्नुको मुख्य कारण चाहिँ २०० पाउन्डभन्दा कम मूल्यका सामग्रीहरूलाई प्रहरीले गम्भीर चोरी नमानेका कारण रहेको पसल सञ्चालकहरू बताउँछन् । प्रहरीले तिनलाई पक्राउ गरे पनि केही समय हिरासतमा राखेर छाडिदिने गरेका छन् ।

बेलायतको एउटा सानो चौघेरो वेस्ट मिडल्यान्ड्समा मात्रै प्रहरीले सन् २०२४ को पहिलो चार महिनामा १२ सय ७२ पसलमा चोरी भएको जनाएको छ । चोरीमा संलग्नहरूलाई पक्राउसमेत गरिएको छ ।

त्यसो त प्रहरीले पक्राउ गरेका तर अभियोग नलगाएका अन्य धेरै घटनाहरू पनि छन् । त्यस्ता घटना भने २३ प्रतिशतले पछिल्लो समय बढेको पनि प्रहरीले जनाएको छ ।

तर अघिल्लो वर्षको तुलनामा भने यो चोरीको घटनामा केही कमी भने देखिएको व्यवसायीहरूले बताएका छन् । पछिल्लो समय बेलायती प्रहरीले आफ्नो कार्यशैलीमा परिवर्तन गरेपछि चोरीमा केही कमी भएको बताइन्छ । खासगरी जब कतै चोरी भएको गुनासो गर्ने फोन दुई सेकेन्डदेखि २० सेकेन्डभित्र उठिसक्छ । यसले चोरीका घटनामा संलग्न हुनेहरूलाई पक्राउ गर्न सहज भएको छ ।




'यस्ता खुद्रे चोरीलाई हामीले पछिल्लो समय गम्भीर रुपमा लिएका छौं,' प्रमुख कन्स्टेबल क्रेग गिल्फोर्ड भन्छन्, 'यसले चोरीका घटनामा सुधार भएका छन् ।'

गएको नोभेम्बरमा एर्डिंगटनका व्यापारीहरूले दोकान चोरी र ड्रग्स व्यापारले व्यवसाय ध्वस्त पारिरहेको, चोरी रोक्न प्रहरी असफल भएको व्यापक जनगुनासोहरू बढेपछि प्रहरीले गएको अप्रिल महिनादेखि बढीजसो चोरी हुने ठाउँमा चोरी रोक्न विशेष प्रहरी खटाएको थियो ।

त्यसयता पसलको चोरी केही कम भए पनि पूर्ण रुपमा त्यसलाई रोक्न नसकिएको गुनासो खुद्रा पसलका सञ्चालकहरूको छ । अघिल्ला महिनाको तुलनामा १० प्रतिशतले चोरी कम हुन थालेको सान्डवेल पसलका सञ्चालकको भनाइ छ । पसलका सञ्चालक जोसनले पसलका तीन किसिमका चोरहरू हुने बताए ।

पहिलो किसिमका चोरहरू मजाका लागि चोर्छन् । दोस्रो किसिमका चोरहरू नियतवश चोर्छन् । तेस्रो प्रकारका चोरहरू भने संगठित रुपमा चोर्छन् । संगठित रुपमा चोर्नेहरू भने सबैभन्दा खतरनाक हुने उनको अनुभव छ ।

उनले आफ्नो अनुभव सुनाउँदै भने, 'एक जनाले हामीलाई मालसामानबारे निकै सोधखोज गर्‍यो । क्रिसमसको बेला थियो । उसले सजावटका सामान राम्रैसँग किन्ला भनेर उसलाई ध्यान दिन थाल्यौं । उसले तीनदेखि चार सय पाउन्डका सामान भेला पार्‍यो ।'

त्यसपछि ती व्यक्तिले सामान उठाएर क्यास रजिष्टरमा राख्यो । पैसा तिरेजस्तै गर्दैगर्दा अर्को व्यक्तिले त्यो सामान उठाएर टाप कस्यो । उसलाई खेदाउन खोज्दा सामान किनेजस्तो गर्ने यो व्यक्ति आरामले पसलबाट निस्कियो । यसरी पसल मालिकले न त सामान उडाउनेलाई पक्राउ गर्न सक्यो, न त उसलाई सघाउनेलाई नै ।

यो समस्यापछि वरिपरिका पसलेहरूले सीसीटीभी राख्न थाले । सिसिटीभीपछि भने चोरहरूले किन्न ठीक पारेका सामानहरू चोर्ने हिम्मत गर्न छाडे ।

जोसन भन्छन्, 'कहिलेकाहीँ त चोरहरूसँग हात हालाहालको अवस्था आउँछ । सकेसम्म हामी कुटपिटको अवस्थाबाट जोगिने प्रयास गरिरहेका हुन्छौं तर कहिलेकाहीं यो साह्रै नराम्रो अवस्थामा टुंगिन्छ । विशेषगरी जब महँगा सामानहरू चोरी हुन्छ र तिनलाई चोरी गर्दै गरेका बेला रंगेहात पक्राउ गर्नुपर्ने हुन्छ, त्यो बेला अवस्था गाह्रो हुन्छ ।'

प्रहरीको संख्या ज्यादै न्यून भएका कारण पनि पसलमा हाकाहाकी चोरी गर्नेहरूको संख्या बढेको उनको भनाइ छ । पछिल्लो समय महँगी बढेका कारण पनि चोरी बढेको उनको अनुभव छ । मान्छेको कमाइ सीमित हुँदैछ, खर्च दिनदिनै बढ्दै गइरहेको छ । यस्तोमा कतिपय व्यक्तिसँग चोर्नुबाहेकको उपाय पनि नरहेको उनी बताउँछन् ।

सन् २०२५ को अप्रिल र जुन बीच यस्ता पसलहरूमा चोरी हुने दर ३० प्रतिशतले बढेको देखिएको डब्ल्युएमपीको अध्ययनले देखाएको छ ।

# नयाँ पुस्ताका कलाकर्मीलाई युट्युब वरदान



एक वर्षअघि टुनामुना प्रोडक्शनले 'सानो संसार' नामक शृंखला बनाएको थियो। यो शृंखला उसले टेलिभिजनका लागि बनाएको थिएन। युट्युबमा रिलिज गरिएको यो शृंखलाले प्रत्येक भागमा कम्तीमा एक लाख भ्युज पायो। यो देखेपछि उनीहरूले टेलिभिजनका लागि भन्दा पनि युट्युबलाई नै सदुपयोग गरेको छ।

अहिले सोही निर्माण समूहले अर्को सिटकम (सिचुएशनल कमेडी) लिएर आएको छ। 'जोडी नं. १' नामको यो शृंखलाको पहिलो भागले नै दर्शकले राम्रो मानेका छन्।

यसमा फिल्म क्षेत्रमा संघर्ष गरिरहेको एउटा ठिटो र उसकी श्रीमती अनि उनीहरूको घरपति शाखा अधिकृत गौरव र उनकी पत्नीको दैनिक जीवनमा आइपर्ने समस्यालाई प्रस्तुत गरिएको छ।

शृंखलामा अभिनय गरेका पूजन अधिकारी भन्छन्, 'टेलिभिजनमा भन्दा अहिले युट्युबमार्फत संसारभर पुग्ने सम्भावना बढी भएका कारण निर्माण समूहले पनि प्लेटफर्महरूलाई बढी विश्वास गरिरहेका छन्।'

यसमा पूजनसँगै मीरा खड्का ('ताराहरू'की नायिका), अनु दाहाल, मनीषराज पाण्डे लगायत अन्यको अभिनय हेर्न पाइन्छ।

युट्युब अहिले संघर्षशील कलाकारका लागि आफू 'देखिने' र 'सुनिने' थलो बन्न पुगेको छ। स्ट्यान्डअप कमेडीका भिडियो यहीं हालिन्छ। अभिनयका प्रयास र कला सिकाइका विभिन्न शिल्पलाई संघर्ष गरिरहेका कलाकारहरूले यहाँ हालेर आफूलाई चर्चामा ल्याइरहेका छन्।

चाहे कमेडी क्लबबाट चर्चामा आएका कलाकार हुन् या स्ट्यान्डअप कमेडीबाट चर्चा बटुलेका होऊन्, उनीहरूलाई सुरुमा यही युट्युबले ठाउँ दिएको छ। युट्युबमा प्रस्तुत भिडियोले यी कलाकारलाई 'फेस भ्यालु' बढाइदिने काम गरेको छ।

रेडियोको पृष्ठभूमिबाट आएका सुमन कार्की, मेक्सम गौडेल, कैलाश कार्कीजस्ता चर्चित कलाकारहरूलाई युट्युबले नै मूलधारको कलाकारका रुपमा स्थापित गरेको हो। त्यस्तै सुनील खड्काजस्ता थिएटरमा भिजेका कलाकारले युट्युब नभएको भए संघर्ष गर्ने अवधि अझै तन्कने केहीको धारणा छ। यसले प्रतिभा देखाउने र लोकप्रियता बढाउन भूमिका खेलेका कारण नयाँ पुस्ताले टेलिभिजनका लागि भन्दा पनि युट्युबका लागि शृंखलाहरू बनाउने काम गरिरहेका छन्।

पूजन अधिकारीले यसअघि सुशान्त बस्यालसँग मिलेर कमेडी क्लब विद् च्याम्पियनमा आफ्नो कला देखाइसकेका छन्। उनले सन् २०१८ देखि कला क्षेत्रमा संघर्ष गरेको भए पनि पर्दा पछाडि भएका कारण उति चर्चा हुन सकेन। अहिले युट्युबमा आएको 'जोडी नं. १'ले आफ्नो संघर्षलाई पूर्णता दिइरहेको उनी बताउँछन्।

'जोडी नं. १'लाई निर्माण समूहले चार सिजनसम्म तन्काउने प्रयास गरिरहेको छ। पहिलो सिजनमा २० भागको तयारी पूरा भइसकेको छ भने पाँच भागको सुटिङ सक्किइसकेको छ।

पहिले फिल्म तथा टेलिभिजनका लागि लेखनमा रुचि राख्ने पूजनले यसमा गम्भीर अभिनय गरेका छन्। उनी भन्छन्, 'म त स्ट्यान्डअप कमेडीबाट आएको कलाकार हुँ, सुरुमा यसरी शृंखलामा अभिनय गर्दा र गम्भीर किसिमको अभिनय गर्दा अनौठै लागेको थियो। बरु, मलाई लेखन सजिलो लाग्थ्यो। अब त अभिनयमा पनि बानी परेँ।'



# डा. केसीले ल्याए 'स्वस्पर्श'

बालरोग विशेषज्ञ डा. नवराज केसीको दोस्रो गैरआख्यान कृति 'स्वस्पर्श' काठमाडौंमा लोकार्पण गरिएको छ। प्रज्ञा प्रतिष्ठानको डबलीमा आयोजित विशेष कार्यक्रममा लेखक एवम् वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, आख्यानकार एवम् प्राज्ञ अमर न्यौपाने र लेखक डा. नवराज केसीले संयुक्तरूपमा पुस्तक लोकार्पण गरे।



कार्यक्रममा आख्यानकार अमर न्यौपानेले पुस्तक 'स्वस्पर्श' मानिसको मनोवैज्ञानिक उपचारका लागि ओखतीका रुपमा आएको बताए। 'स्वस्पर्श' पुस्तक प्रेरणादायी मात्र नभएर प्रत्येक मानिसले पढ्नुपर्ने पुस्तक रहेको उनको भनाइ छ। 'डाक्टरसँग भेट भएपछि नै मानिसको आधाआधी रोग निको हुन्छ,' उनले भने, 'त्यसमाथि डा. नवराज कथा सुनाएर उपचार गराउने व्यक्ति। कथा थेरापीमार्फत रोग निको पार्ने व्यक्ति। उहाँको यो पुस्तकले हामीलाई त्यस्तै उपचारको थेरापी गराउँछ। र मानसिक रूपमा निरोगी बनाउँछ।'

सरल भाषामा सुललित ढंगले लेखिएको पुस्तक 'स्वस्पर्श' सबै पाठकलाई रुचिकर लाग्ने उनको भनाइ छ। 'पुस्तक पढ्दै गर्दा म थुप्रै ठाउँमा भावुक बनेको छु,' उनले भने, 'पुस्तकमा प्रयुक्त पात्रहरू जंगबहादुर, गर्बे दाइ, एक जोडी बाआमाको कोरोनाकालको कथा र ध्यारगाउँकी बच्चीको कथाले जो कोहीलाई भावुक बनाउँछन्।'

अर्का वक्ता लेखक एवम् वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले पुस्तक सबैका लागि उपयोगी रहेको बताए। 'मलाई त्यति धेरै साहित्यिक पुस्तक अध्ययन गर्न समय पुग्दैन,' उनले भने, 'पुस्तक 'स्वस्पर्श' मैले पढें। मेरा लागि यो पुस्तक असाध्यै उपयोगी लाग्यो। तपाईंहरू पनि यसको अध्ययन गरिहाल्नुहोस्। हामीले काठमाडौंमा बनाइरहेको काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) मा पनि यो पुस्तक राख्छौं। बालबालिका र बिरामीहरूका लागि यो अति उपयोगी छ।' मनोवैज्ञानिक रूपमा विक्षिप्तहरूका लागि झनै विशेष रहेको उनले जनाए।

कार्यक्रममा लेखक डा. केसीले 'स्वस्पर्श' आशा, प्रेरणा र खुसीका कथा समेटिएको पुस्तक भएको बताए। जीवनमा आफूले थुप्रै राम्रा पुस्तक पढेको र नेपाली समाजलाई उपयोगी पुस्तक दिने मनसाय भएर आफ्नै जन्मस्थान कर्णालीको कथा आफूले लेखेको उनले जनाए। यो पुस्तक हरेक मानिसका लागि स्वयुद्धबाट स्वस्पर्शसम्मको एउटा यात्रा रहेको उनको भनाइ छ। स्वस्पर्श सबै पुस्ता र सबै उमेर समूहका मान्छेको आफ्नै किताब भएको उनले बताए।

### पुस्तकमा के छ ?

पुस्तकभित्र कर्णालीका कथा र व्यथामात्र छैनन्, जंगबहादुर र दुःखचाल्नोको कथा, गर्बे दाइको दोषी चस्मा, मन्दिरे बीउखसीको कथा, ध्यारगाउँले, माया बाँड्ने जागिर, रिटायर्ड आमा, कर्म मम्मीजस्ता पात्रको कथा समावेश भएका छन्। यी सबै कथा र पात्रहरूको आ-आफ्नै विशेषता र महत्त्व बोकेका छन्।

उतारचढावको समय तपाईं आफूसँग छटपट-छटपट स्वयुद्धमा बिताउनुहुन्छ वा आफूले आफैंलाई सम्हाल्न सक्ने न्यानो आलिंगनको स्वस्पर्शमा ? यो पुस्तक हरेक मानिसका लागि त्यही स्वयुद्धबाट स्वस्पर्शसम्मको एउटा यात्रा हो, जसका सहयात्री छन्, प्रेरणादायी केही भुइँमान्छे। यी भुइँमान्छेका कथा पढ्दै गर्दा दुःखमा अल्झिएकाहरूले दुःखपारिसम्म पुग्ने जीवनमार्ग भेट्छन्। खुसी खोजिरहेकाहरूले पनि खुसीको वास्तविक शीतल चौतारी भेट्छन्।

### को हुन् डा. नवराज केसी

*पैसाको पछि नलागेस्; पढाइ सकेर घर फर्केस्; आमाको ख्याल राखेस्।*

निधन हुनुअघि बुबाले दिएको यही निर्देशन पालना गर्दै आफ्नो गाउँ फर्किएका बालरोगविशेषज्ञ डा. नवराज केसी करिब एक दशकदेखि कर्णाली प्रदेशमै सेवारत छन्। कर्णालीका सबै जिल्ला पुगेर बारम्बार निःशुल्क स्वास्थ्य शिविर चलाउँदै आएका उनी लेखनमा पनि उत्तिकै सक्रिय छन्। आमा अर्थतन्त्र हाम्रो समाज विकासको बीउ हो भन्ने मूल सन्देश बोकेको पुस्तक शून्यको मूल्य उनको पहिलो कृति हो। बारम्बार स-साना बालबालिका र युवाको आत्महत्याका घटनाले द्रवित डा. केसीले फेरि यस्तो देख्नु नपरोस् भनी अध्ययनअनुसन्धान र बुद्ध अनि विज्ञानसहितका कथाले भरिएको स्वस्पर्श उनको दोस्रो कृति हो।



# चर्चा 'बार्बी' मार्गोटको

मार्गोट रबी हलिउडकी प्रख्यात अभिनेत्री हुन्। उनको प्रख्याति चाहिँ पछिल्लो सुपरहिट फिल्म 'बार्बी'ले विश्वव्यापी बनाइदियो। उक्त फिल्मले संसारभर एक अर्ब डलर बराबरको व्यापार गरेर सबैलाई चकित पारिदियो। धेरैले फिल्म अलि बढी नै नारीवादी भएको भनी गुनासो गरिरहेका थिए। तर दर्शकलाई मन परेपछि कसको के लाग्छ ?

फिल्म हिट भएपछि केही समय उनी ओझेल परेकी थिइन्। अस्कर अवार्डमा मनोनित पनि भएकी उनी गर्भिणी थिइन् र छोरा जन्माउन र लालनपालनमा व्यस्त हुन थालेकी थिइन्।

हालै ३५ वर्षीया मार्गोट रोमान्टिक फेन्टासी फिल्म 'अ बोल्ड एन्ड ब्युटीफूल'को रिलिजको अवसर पारी रेड कार्पेटमा देखा परिन्। उनी अर्का प्रख्यात कलाकार कोलिन फेरलसँग देखिएकी थिइन्।

उनको छोरा चाहिँ कसले हेरिरहेको छ त भन्ने प्रश्नमा उनले आफ्ना पति टम एक्लीको नाम लिएकी थिइन्। टम र उनले गुपचुप बिहे गरेर सबैलाई चकित पारिदिएका थिए। अस्ट्रेलियाबाट अभिनयमा भाग्य चम्काउन बेलायत पुगेकी मार्गोटले टमलाई त्यहीं भेटिन् र पछि उनीहरू दुवैले सँगै मिलेर फिल्म कम्पनी 'लक्कीच्याप' पनि स्थापित गरेका थिए।

यही कम्पनीमार्फत उनले 'बार्बी' लगायत अन्य तीन फिल्मको निर्माण गरेकी थिइन्। धेरै अभिनेत्रीहरूको वैवाहिक जीवन र खासगरी सन्तान जन्मिएपछि मनोरञ्जन उद्योगमा काम पाउन छाड्छन्। अभिनय लगभग छाड्नुपर्ने अवस्था हुन्छ। ग्ल्यामर उद्योगमा रहिरहन चाहिँ उनले फिल्म निर्माण कम्पनी उभ्याएकी छन्।

# नेपाल-भारत सम्बन्ध पर्गेल्दै 'संकथन'

बुकवर्म फाउन्डेसनले प्रकाशन गर्ने अर्धप्राज्ञिक म्यागेजिन संकथनको दोस्रो अंक प्रकाशन भएको छ। हरेक अंक विषयविशेष हुने यस म्यागेजिनको यो छिमेक विशेष अंक 'नेपाल-भारत' जनस्तरको सम्बन्धमा केन्द्रित छ। यसअघिको अंक भने नेपाली गाउँ र सहरका बदलिँदा पाटाहरूमा केन्द्रित थियो।

ऐतिहासिक, सांस्कृतिक, विशिष्ट जस्ता विशेषणको लेप लाग्ने भए पनि नेपाल-भारत सम्बन्धलाई सधैंभर काठमाडौं-दिल्लीबीचको राजनीतिक सम्बन्धका रूपमा मात्रै बुझ्ने अभ्यास रहिआएकामा यस म्यागेजिनले सीमान्त र जनताबीचको सम्बन्धको कोणलाई जोड दिएको छ। नेपाल-भारत सम्बन्ध जनस्तरमा आधारित हुनुपर्छ, सीमान्त नागरिकका आँखाबाट हेरिनुपर्छ भन्ने उद्देश्यले यस अंक प्रकाशन गरिएको हो।

२८२ पृष्ठको यस अंकमा ६२ जना लेखकका ५९ रचना समावेश छन्। राजनीतिशास्त्री भास्कर गौतमले नेपाल-भारतबीचको सम्बन्ध कसरी 'विशिष्ट प्राप्तिबोधको सम्बन्ध' हो भन्ने व्याख्या गरेका छन् भने पूर्वपरराष्ट्रसचिव दुर्गा भट्टराईले दुई देशबीच रहेको प्रेम र घृणाको साइनो केलाएका छन्।

मानवशास्त्री सुरेश ढकाल, पत्रकार सुधीर शर्मा, लेखक केदार शर्मा, अनुसन्धाताहरू समीक्षा न्यौपाने, अमित गौतम, जीवन बानियाँ, सदीक्षा भट्टराई, सुदेश्ना थापाले सीमान्तमा भइरहेका परिवर्तन केलाएका छन्। पत्रकारहरू गोपाल दाहाल र मिथिलेश यादवले सीमा वारपारका सम्बन्धका विभिन्न आयामबारे रिपोर्टिङ गरेका छन्। पत्रकार युवराज घिमिरेले सम्बन्धका दरारहरूबारे विश्लेषण गरेका छन्।

यस अंकको अर्को उल्लेखनीय पक्ष अन्तर्वार्ताहरू हुन्। अन्तर्वार्तामा समाजशास्त्री मल्लिका शाक्यले सीमान्तमा कोभिड महामारीले पारेको प्रभाव विश्लेषण गरेकी छन् भने विश्लेषक सिके लालले नेपाल-भारत सम्बन्धका विभिन्न आयाम केलाउँदै मधेस आन्दोलनबारे नयाँ तथ्यहरू उजागर गरेका छन्। राजनीतिशास्त्री हरि शर्माले नेपाली आन्दोलनमा भारतीय भूमिकाको लेखाजोखा गरेका छन्। राजनीतिज्ञ मोहनविक्रम सिंहले नेपाली वाम आन्दोलन र भारतको सम्बन्ध केलाएका छन्।




पत्रकार कनकमणि दीक्षितले हिन्दूत्व राजनीतिले गिजोलेको सम्बन्धको चर्चा गरेका छन्। फिल्म निर्देशक तुलसी घिमिरेले नेपाल-भारतबीचको चलचित्र साइनो वर्णन गरेका छन्। राजनीतिज्ञ राजन भट्टराईले ईपीजी प्रतिवेदनको विवाद बताएका छन्। अर्थमन्त्री विष्णु पौडेलले भारतीय बजारमा नेपाली आकांक्षाको वर्णन गरेका छन्।

त्यस्तै गोविन्द टन्डन र मञ्चला झाले द्विदेशीय सम्बन्धको धार्मिक-सांस्कृतिक पाटो केलाएका छन्। प्राध्यापक अरुण गुप्तोले भने दक्षिण एशियाकै सबाल्टर्न बहसबारे चर्चा गरेका छन्। अनुसन्धाता दीपक अर्यालले नेपालमा हुने भारत विरोधको मनोविज्ञान खोतलेका छन्। प्रभाकर शर्मा, सुरेश शर्मा र विपीन अधिकारीले छुट्टाछुट्टै लेखमा सुरक्षाको कोणबाट विश्लेषण गरेका छन्। अन्तर्राष्ट्रिय सम्बन्धका उप-प्राध्यापक गौरव भट्टराई, पूर्व-परराष्ट्रसचिव मदनकुमार भट्टराईहरू आ-आफ्नो लेखनमा कूटनीतिक सम्बन्धबारे भिन्दाभिन्दै कोणबाट घोत्लिएका छन्।

जलस्रोतविज्ञ अजय दीक्षित, पत्रकार कुन्द दीक्षित र वनस्पतिशास्त्री कमल मादेनले प्राकृतिक सम्बन्धका विभिन्न आयाम वर्णन गरेका छन्। पुष्प शर्मा र रघुनाथ अधिकारीले आर्थिक कोणबाट भिन्दाभिन्दै विश्लेषण पस्केका छन्।

इतिहासकारहरू प्रत्यूष वन्त, अलका आत्रेय चुडाल, देवेन्द्र उप्रेती र रुख गुरुङले दुई देशबीच रहेको विद्याको साइनोलाई भिन्दाभिन्दै प्रसंगबाट वर्णन गरेका छन्। उपेन्द्रराज पाण्डेय, सिर्जना सुब्बा, बुलु मुकारुङ र सेवा भट्टराईले साहित्यिक सम्बन्धका पाटा खोतलेका छन्।

यस अंकको अर्को विशेषता ऐतिहासिक सामग्री पनि हुन्। इतिहास अन्वेषक शुभाङ्ग पाण्डेले राणाकालअघि भारतमा रहेर नेपाली राज्यका लागि काम गर्ने गुप्तचरको रोचक वृत्तान्त कहेका छन्।

अर्का इतिहास अन्वेषक निर्मल श्रेष्ठले गोर्खा एकीकरणअघि पाल्पा र अवधको सम्बन्ध खोतलेका छन्। शुभाष नेपाली र बसन्त थापाको भारतसँग जोडिएका भिन्दाभिन्दै स्मृतिले मन्थनलाई रसिलो बनाएको छ।

संकथनको यस अंकले नेपाली मात्र नभई भारतीय लेखकहरूलाई पनि समेटेको छ। भारत, उत्तराखण्डका इतिहासकार शेखर पाठकले महाकाली वारपारको ऐतिहासिक जनस्तरको सम्बन्धको गाथा कहेका छन्। नर्थ बंगाल विश्वविद्यालयका अनुसन्धाता विनायक सुन्दासले नेपाली भूपरिदृश्यको शक्ति खोतलेका छन्। भारतीय पत्रकार आनन्दस्वरुप बर्माले अन्तर्वार्तामा भारतीय सत्ताको मनोविज्ञान उजागर गरेका छन्। अनुसन्धाता सब्यसाची दत्तले दुवै देशका युवाको साझा आकांक्षालाई जोड दिएका छन्। नम्रता चतुर्वेदी र निलय चक्रवर्तीले साहित्यको सम्बन्धमा कलम चलाएका छन्।

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल भ्रमणको भारतीय पत्रकार जगदीश अरोडाको रिपोर्टिङले तत्कालीन भारतीय मिडियाको दृष्टि चियाउने अवसर दिएको छ। भारतीय लेखकहरू शोकिन चौहानको पुस्तक विमर्श र स्मृति रवीन्द्रको उपन्यासबारे नेपाली समीक्षक निर्जला अधिकारीको समीक्षाले पुस्तकको सम्बन्ध दर्साएको छ।

नेपाल र भारतबीच सुल्झिन बाँकी समस्या लिम्पियाधुरा-लिपुलेक-कालापानीलाई पृष्ठमा राखेर नेपालमा भारतीय सीमा चौकीको स्थापनाबारे बेलायती अनुसन्धाता स्याम कोवनले तयार पारेको लेख र ती चौकी हटाउने क्रममा भएको नेपाली अभ्यासबारेको टिप्पणी पनि यस अंकको अर्को पठनीय सामग्री हो।

रविन गिरी सम्पादक रहेको संकथनको प्रकाशन बुकवर्म फाउन्डेसनका लागि नीरज भारीले गरेका हुन्। संकथनको मूल्य सात सय रुपैयाँ रहेको छ।

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला